# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## सिद्धार्थनगर नगरपालिका
## रुपन्देही

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## सिद्धार्थनगर नगरपालिका
## रुपन्देही

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

सिद्धार्थनगर नगरपालिका

रुपन्देही

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

२०८१ **महालेखापरीक्षक**

प.सं.- २०८०।८१

च.नं.- १२ मितिः- २०८१।२।११

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

**श्री प्रमुख ज्यू ,**

**सिद्धार्थनगर नगरपालिका , नगर कार्यपालिकाको कार्यालय,**

**रुपन्देही।**

१. **कैफियत सहितको राय**

हामीले **सिद्धार्थनगर नगरपालिकाको** आर्थिक वर्ष २०७९/८० को वित्तीय प्रतिवेदन, संलग्न अनुसूची, एकीकृत आय व्यय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को वित्तीय प्रतिवेदन, संलग्न अनुसूचीहरू, एकीकृत आय-व्यय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले **सिद्धार्थनगर** नगरपालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. **सिद्धार्थनगर** नगरपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय प्रतिवेदन महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय प्रतिवेदन तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.१० करोड ८९ लाख ९७ हजार ०३३ बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.०.०० को प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ८७ लाख ८० हजार ०९६, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४ करोड २२ लाख ०३ हजार ५५९ , नियमित गर्नुपर्ने रु. ४ करोड ६४ लाख ८४ हजार ४२७, सोधभर्ना नलिएको रु.१ लाख ३९ ४६२ हजार र पेश्की रु. १ करोड १३ लाख ८९ हजार ४४९ रहेको छ ।

**सिद्धार्थनगर** नगरपालिकाको गतवर्ष सम्म रु. ७३ करोड ४६ लाख ०० हजार बेरुजू बाँकी रहेकोमा गत आ.व.सम्मको संपरीक्षण रु.०.०० भई हालसम्मको अद्यावधिक बेरुजू रु. ८४ करोड ३५ लाख ९७ हजार रहेको छ । **सिद्धार्थनगर** नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। वित्तीय प्रतिवेदन तयार गर्ने **सिद्धार्थनगर** नगरपालिकासँग

हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन्।

४. **वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्दा गल्ती कमजोरी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृतको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती कमजोरी वा त्रुटी समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले उच्चस्तरको आश्वस्तता प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका गल्ती कमजोरी वा त्रुटी पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन। वित्तीय प्रतिवेदनका उपयोगकर्ताले गर्ने आर्थिक निर्णयमा नै फरक पार्नसक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने गल्ती कमजोरी वा त्रुटीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(घनश्याम पराजुली)
नायब महालेखापरीक्षक

# सिद्धार्थनगर नगरपालिका, रुपन्देही

## १. चालु वर्षको बेरुजु

### बेरुजु वर्गिकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५७ | ४१ | १०८९९७ | ० | ० | ० | ५७ | ४१ | १०८९९७ | ८७८० | ४६४८४ | ४२२०४ | ० | १३९ | ८८८२७ | ११३९० |

## २. अद्यावधिक बेरुजू स्थिति

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फर्स्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सिद्धार्थनगर नगरपालिका ,रुपन्देही | ७३४६०० | ० | ० | ७३४६०० | ० | १०८९९७ | ८४३५९७ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं. | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | | | | **नभएको** |

## परिचय

१ **परिचयः**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस सिद्धार्थनगर नगरपालिकामा १३ वडा रहेका छन् भने क्षेत्रफल ३६.०३ वर्ग किलोमिटर तथा जनसंख्या ७६३०७ रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९/८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९/८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।९।२० देखि २०८०।९।२९ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजनतर्फ रु. ०, राजश्वतर्फ रु. ०, धरौटीतर्फ रु. ०, अन्य कारोबारतर्फ रु. ०, आय-व्ययतर्फ रु. १,२७,६४,००,३६४।- , सम्पत्ति तथा दायित्व तर्फ रु. ० को गरी जम्मा रु.१,२७,६४,००,३६४।- को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा बढी ग्रेड भूक्तानी भएको रु.१४,५६०।- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

**लेखापरीक्षणबाट देखिएका व्यहोराहरु**

२ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छनः

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन।

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाईयो।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• वातावरण संरक्षणको एकिकृत दीर्घकालिन योजना तयार नगरेको ।

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।

• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ३ वित्तीय विवरण परीक्षणः

**३.१ वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| प्राप्ती भुक्तानी हिसाव | | | | |
|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | १,४७,५३,९६,६६५.६२ | १,००,२१,१२,७९८.९० | १,००,२१,१२,७९८.९० |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | १,३७,८४,०१,०००.०० | ८७,४२,१७,४४५.५० | ८७,४२,१७,४४५.५० |
| ११००० कर | ११ | २६,२६,९९,०००.०० | २०,६४,८५,९८०.५० | २०,६४,८५,९८०.५० |
| १३००० अनुदान | | ६४,७७,६३,०००.०० | ५७,६६,८५,४२८.६२ | ५७,६६,८५,४२८.६२ |
| संघीय सरकार | १२ | ५९,१४,६६,०००.०० | ५३,४५,१०,३६३.६२ | ५३,४५,१०,३६३.६२ |
| प्रदेश सरकार | १२ | ५,६२,९७,०००.०० | ४,२१,७५,०६५.०० | ४,२१,७५,०६५.०० |
| १४००० अन्य राजस्व | | १३,३९,२०,०००.०० | ९,१०,४६,०३६.३८ | ९,१०,४६,०३६.३८ |
| ३२००० वित्तीय सम्पत्ति | | ३३,४०,१९,०००.०० | ० | ० |
| ख. अन्य प्राप्ति | | ९,६९,९५,६६५.६२ | १२,७८,९५,३५३.४० | १२,७८,९५,३५३.४० |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० |
| कोषहरु | | ९,६९,९५,६६५.६२ | ६,९०,५९,८०४.५० | ६,९०,५९,८०४.५० |
| धरौटी | | ० | ५,८८,३५,५४८.९० | ५,८८,३५,५४८.९० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | १,४७,५३,९६,६६५.६२ | १,०८,९८,०१,८५९.२१ | १,०८,९८,०१,८५९.२१ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | १,३७,८४,०१,०००.०० | ९८,८७,२०,६४९.१६ | ९८,८७,२०,६४९.१६ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ३४,७४,६७,०००.०० | ३०,८५,९८,९१७.७९ | ३०,८५,९८,९१७.७९ |

| | | | | |
|---|---|---|---|---|
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | २८,२७,८५,०००.०० | १८,२८,७५,४६२.७५ | १८,२८,७५,४६२.७५ |
| २४००० ब्याज, सेवा शुल्क तथा बैंक कमिशन | १८ | ६५,००,०००.०० | ५८,२४,६८४.३० | ५८,२४,६८४.३० |
| २५००० सहायता (Subsidy) | १८ | ३,५५,८५,०००.०० | ३,३३,०७,८६२.९० | ३,३३,०७,८६२.९० |
| २६००० अनुदान | १८ | २६,५७,०००.०० | ३,२७,४८९.०० | ३,२७,४८९.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | १,९९,५६,०००.०० | १,८०,७५,९३३.०० | १,८०,७५,९३३.०० |
| २८००० अन्य खर्च | १८ | ८९,००,०००.०० | ७९,५९,४३०.३८ | ७९,५९,४३०.३८ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ६७,४५,५१,०००.०० | ४३,१७,५०,८६९.०४ | ४३,१७,५०,८६९.०४ |
| घ. अन्य भूक्तानी | | ९,६९,९५,६६५.६२ | १०,१०,८१,२१०.०५ | १०,१०,८१,२१०.०५ |
| कोषहरु | | ९,६९,९५,६६५.६२ | ८,६६,८२,३०८.८४ | ८,६६,८२,३०८.८४ |
| धरौटी | | ० | १,४४,०१,२५८.७८ | १,४४,०१,२५८.७८ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -२,३५७.५७ | -२,३५७.५७ |
| ङ. यो वर्षको बचत (न्युन) | | | (८,७६,८९,०६०.३१) | (८,७६,८९,०६०.३१) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ३१,५८,७३,९७३.१५ | ३१,५८,७३,९७३.१५ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | २२,८१,८४,९१२.८४ | २२,८१,८४,९१२.८४ |
| बैंक तथा नगद बाकी | २४ | | १६,२०,२२,१०८.३४ | १६,२०,२२,१०८.३४ |

सैद्धान्तिक बेरुजु

३.२ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । सामाजिक सुरक्षा तथा संरक्षणको रु.१८,५२,३३,१३७।-, प्रशासकीय भवन पूर्वाधार रु.६०,००,०००।- र भाषा तथा सँस्कृती कार्यक्रम रु.१८,७७,६९३।- समेत गरी रु.१,९७,११,०८३०।- सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.३ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । गतवर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु.२८,९२,३३,२२५।- मौज्दात रहेकोमा यो वर्ष रु.

२८,३९,५१,५७१।- जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ५२,८१,७०८।- घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५२,८१,७०८ |

३.४ **कर दायित्व-** पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.२३५७।- देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अतः उक्त रकम सम्बन्धित राजस्व खातामा दाखिला गर्नुपर्ने रु.

| क्र.स. | कर्मचारीको/फर्म/संगठन नाम | असुली रकम |
|---|---|---|
| ३.४.१ | कर दाखिला गर्नुपर्ने | २,३५७ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,३५७ |

३.५ **आन्तरिक लेखापरीक्षण -** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । आन्तरिक लेखापरीक्षण सेवामा दरवन्दी पदपूर्ती गरी तोकिएको कार्यमा नखटाइ अन्य कार्यमा खटाएको कारण यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । आन्तरिक लेखापरीक्षण नहुँदा वित्तिय अनुशासनमा कायम तथा वित्तिय यथार्थतामा सुधार नहुने देखिन्छ । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## ४ बजेट तथा कार्यक्रमः

४.१ **बजेट तथा कार्यक्रम तर्जुमा-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४.२ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख

प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुख श्री उमा अधिकारीले मिति २०७९।३।१० मा रु.१ अर्ब ४५ करोड ४३ लाख ३५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।२६ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४.३ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९/८० मा कुल १४१ योजनामा वजेट विनियोजन गरेको छ।

**(रु. हजारमा)**

| क्र. सं . | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १. | रु.१ लाखभन्दा कमको योजना | २० | १५३९ |
| २. | रु. १ लाख एकदेखि ५ लाख सम्मका योजना | १० | ३७७५ |
| ३. | रु. ५ लाखदेखि १० लाख सम्मका योजना | ५५ | ४८३३८ |
| ४. | रु.१० लाख एकदेखि ५० लाख सम्मका योजना | ४४ | १८१९२७ |
| ५. | रु. ५० लाख भन्दा माथिका | १२ | १०११२९ |
| | जम्मा | १४१ | ३३६७०८ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनुका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये २४२ योजनामात्र कार्यान्वयन भई १०१ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४.४ **लक्ष्य प्रगति -** कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार पार्नुपर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५% सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | १४१ | ० | ० | २ | १३९ |

सैद्धान्तिक बेरुजु

४.५ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९/८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

**(रु. हजारमा)**

| क्र.सं. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४१७८० | २११२० | २.१४ |
| २ | पूर्वाधार विकास | ६००००१ | ३७५२२० | ३७.९५ |
| ३ | सामाजिक विकास | ३६७४६८ | ३१३३४४ | ३१.६९ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ६९९५२ | ३५२४० | ३.५६ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | २९९२०० | २४३७९५ | २४.६६ |
| | जम्मा | १३७८४०१ | ९८८७१९ | १०० |

सैद्धान्तिक बेरुजु

४.६ **त्रैमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

**(रु. हजारमा)**

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | ४३१७५१ | २९७०४ | २७१५८ | १२७३३२ | २४७५२६ | १४५७५६ |
| प्रतिशत | १०० | ७ | ६ | २९ | ५७ | ३४ |

प्राप्त विवरणअनुसार वार्षिक रु.४३,१७,५१,०००।- निकासा भएकोमा प्रथम त्रैमासिकमा ७ प्रतिशत, दोस्रो त्रैमासिकमा ६ प्रतिशत, तेस्रो त्रैमासिकमा २९ प्रतिशत र चौथो त्रैमासिकमा ५७ प्रतिशत खर्च गरेको देखिएको छ । आषाढ महिनामा मात्र ३४ प्रतिशत खर्च देखिनुले आषाढमा खर्चको चाप बढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ५ कानून निर्माण एवं कार्यान्वयनः

५.१ **कानून र सञ्चालन स्थिति —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि यस पालिकाले हालसम्म १६ वटा ऐन, ७ वटा नियमावली, ६० कार्यविधि, ६ वटा निर्देशिका लगायत ८९ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । पालिकाले ८९ वटै कानूनहरु सभा/कार्यपालिकाबाट स्वीकृत गराई राजपत्रमा प्रकाशन गरेको छ।

सैद्धान्तिक बेरुजु

५.२ **न्यायिक समिति —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १३ र यो वर्ष थप भएको ३३ गरी कुल ४६ विवाद दर्ता भएकोमा ३५ वटा मात्र फस्यौंट भई ११ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ६ संगठन तथा कर्मचारी व्यवस्थापनः

६.१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १६५

दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ११९ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत प्रशासन, सव इन्जिनियर तथा कम्प्युटर अपरेटर सहित ४६ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६.२ **तलवी प्रतिवेदन** - निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई तलब खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **आन्तरिक आयः**

७.१ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२२,६५,००,०००।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु. १६,१४,५७,९२५।- अर्थात अनुमान भन्दा २८.७२ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

७.२ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । आर्थिक वर्ष २०७९/८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ५६३१२९६०३ | १६१४५७९२५ | २८.६७ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २८.६७ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

७.३ **कर तथा शुल्क असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल बिरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ

| आ.व. : २०७९/८० | | प्रकार : आन्तरिक राजस्व खाता | |
|---|---|---|---|
| क्र.सं. | आम्दानी शीर्षक | अनुमान | जम्मा आम्दानी |
| १ | एकीकृत सम्पती कर | २३०००००० | १८७८८५८७ |
| २ | भुमिकर/मालपोत | १२०००००० | ६७८२६०४ |
| ३ | वहाल कर | ३६०००००० | ३४८४७७९२ |
| ४ | वहाल विटौरी कर | ३६००००० | ० |
| ६ | सवारी साधन कर (साना सवारी) | १२००००० | ५८०००९९ |
| ७ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ४८००००० | १३३६८५४ |
| ९ | अन्य मनोरञ्जन कर | ३४००००० | ४९४१६ |
| १० | अखेटोपहारमा लाग्ने कर | ३८०००० | ० |
| ११ | अन्य कर | ८२००००० | २८०६५३७ |
| १२ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ४२००००० | २९३८१९० |
| १३ | अन्य बिक्रीबाट प्राप्त रकम | ६०००००० | ० |
| १४ | अन्य सेवा शुल्क तथा बिक्री | ४८००००० | ८२७९०१९ |
| १५ | पार्किङ्ग शुल्क | ६०००००० | २८६७० |
| १६ | नक्सापास दस्तुर | ३६०००००० | ९८११९२९ |
| १७ | सिफारिश दस्तुर | ३६०००००० | ३२०४०२४१ |
| १८ | व्यक्तिगत घटना दर्ता दस्तुर | ३६०००० | ८५१५४९ |
| १९ | नाता प्रमाणित दस्तुर | ४८०००० | ७६३५ |
| २० | अन्य दस्तुर | ३६००००० | १५३०७८७३ |
| २१ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ३६०००००० | १५८६०३२० |
| २२ | प्रशासनिक दण्ड जरिवाना र जफत | ४८०००० | ५९२०६१० |
| | जम्मा | २२६५०००००० | १६१४५७९२५ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

७.४ **राजस्व असुली** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाभित्रका १३ वडाहरुमध्ये नमुना छनौट गरी निम्नानुसारका वडाहरुको राजस्व असुली परीक्षण गर्दा रु. ३,३६,७१,४८६।- असुली भएकोमा रु.३,३६,७१,४८६।- नै दाखिला भएको छ ।

| वडा नं | आय शिर्षक | असुली रु. | दाखिला रु. |
|---|---|---|---|
| ७ | आन्तरिक आय | ७४९३४५० | ७४९३४५० |
| ८ | आन्तरिक आय | १८२१०८३० | १८२१०८३० |
| १२ | आन्तरिक आय | ७९६७२०६ | ७९६७२०६ |
| | जम्मा | ३३६७१४८६ | ३३६७१४८६ |

• पालिकामा संकलन हुने वडा तथा पालिकाको राजश्व स्वचालित प्रणाली (साङ्ग्रीला) प्रयोग गरी संकलन गरेको पाइयो ।

• एक वडाको नमूना छनौट गरी हेर्दा वडा नं. ५ र ९ को स्वाचालित प्रणालीले तयार पारेको मासिक तथा वार्षिक प्रतिवेदन अनुसार दाखिला रकम भिडे पनि सो वडाको चलानी किताबबाट चलानी नम्बर अनुसार राजश्व स्वचालित प्रणालीमा प्रविष्ट नगरेकोले यकिन हुन सकिएन । सो विषयमा पालिकाले सबै वडा कार्यालयको परीक्षण गरी यकिन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७.५ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१,६२,९२,८२०।- कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

## ८ सम्पत्ति,योजना तथा कन्टिनेन्सी र सेवा प्रवाहः

८.१ **आवधिक योजना-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना

तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८.२ **कन्टिन्जेन्सी खर्चको अभिलेख-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट २.५ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७९/०८० मा कन्टीन्जेन्सी बापत रु. १,५९,४०,४००।- कट्टी गरी रु.८७,९३,८८२।- खर्च गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।

सैद्धान्तिक बेरुजु

८.३ **वार्षिक खरिद योजना/गुरुयोजना-** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक रु.१० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.४३,१७,५१,०००।- पूँजीगत खर्च/खरिद निर्माण कार्य गरिएको छ । पालिकाले आफ्नो खरिद ऐन, नियमावली तथा ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । ऐन, नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८.४ **सेवाप्रवाह-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिकाले तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकावाट प्राप्त विवरण अनुसार देहाय अनुसार सेवा प्रवाह गरेको पाइयो । उपर्युक्त देखाइएकोमा अन्य कुन–कुनमा हो भनी यकिन हुन सकिएन ।

| विवरण | जम्मा |
|---|---|
| घटना दर्ता | ५००९ |
| घरबाटो सिफारिष | ११०० |
| नागरिकता सिफारिष | १४०० |
| नाता प्रमाणित | २१०० |
| अन्य | १५०० |

सैद्धान्तिक बेरुजु

८.५ **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ। पालिकाले १ पटक सार्वजनिक परीक्षण गराई रु.४,९७,०००।- खर्च गरेको छ ।

सैद्धान्तिक बेरुजु

८.६ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण —** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्दा देखिएका व्यहोरा निम्न छन्

| सम्पत्ति | प्राप्त मिति | संख्या | खरिद/प्राप्ति मूल्य | कैफियत |
|---|---|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित | विभिन्न | ७४ | - | १८२८९७.७५ व.मि. |
| सवारी साधन मोटर साइकल | ०७९।०८० | ३ | ९८४००० | - |

पालिकाले विभिन्न चालु हालतमा नरहेका र मर्मतसम्भार गर्दा खर्च रकम २५ प्रतिशत भन्दा बढी लाग्ने मालसामानहरु लिलाम विक्रि गर्नुपर्नेमा रोलर, ट्रिप्पर, जिप, मोटरसाइकल, दमकल लगायतका सामान तथा मेशिनरी उपकरणहरु लिलाम विक्रि गरेको पाइएन ।

पालिकाले विद्युतिय सामानको PAMS प्रणालीमा जिन्सी दाखिला गर्दा पूर्णरुपमा स्पेशिफिकेशन जस्तैः सिरियल नं., आइएमइआइ नं., तथा Product ID नखुलाइ दाखिला गरेको पाइयो ।

पालिलकाले PAMS प्रणालीको प्रयोग गरी सहायक जिन्सी खाता तयार गर्नुपर्नेमा सो गरेको पाइएन ।

**सफ्टवेयर खरिद** - नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले घर/भवन नक्शा बनाउने सफ्टवेयर खरिद गरी रु.२,५०,०००।- खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९ **आर्थिक सहायता र अन्य विविध खर्चः**

९.१ **विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.४,४९,९०७।- खर्च गरेको छ ।

सैद्धान्तिक बेरुजु

९.२ **आर्थिक सहायता** - पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.२०,०८,२०६।- आर्थिक सहायता वितरण गरिएको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.१६,१४,५७,९२५।- को १.२४ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **पेश्की व्यवस्थापन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्यौंट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई बाँकी रहेको देखिन्छ । उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रु.

| क्र.स. | कर्मचारीको नाम | रकम |
|---|---|---|
| १. | कुमार गुरुङ् | ३०,००० |
| २. | नेपाल विधुत प्राधिकरण | ४,२४,४४९ |
| ३. | नेपाल विधुत प्राधिकरण | ४५,००,००० |
| ४. | बरकत बदशाह शेष | ५०,००० |
| ५. | मुक्ति नाथ यादव | ३०,००० |
| ६. | मुक्ति नाथ यादव | १,००,००० |
| ७. | राजु सिंह कार्की | ५०,००० |
| ८. | शितला निर्माण सेवा प्रा.लि. | ८५,००० |
| ९. | सोम बहादुर गुरुङ्ग | ३०,००० |
| १०. | सोम बहादुर गुरुङ्ग | ९०,००० |

| पेश्की | ५३,८९,४४९ |
|---|---|

११ **अवकाश कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । स्थानीय सेवा सम्वन्धी कानुन हालसम्म नबनेकोमा पालिकाले उक्त कोषको सञ्चालन सम्बन्धी कुनै ऐन कानुनको व्यवस्था गरेको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिकाको समानीकरण अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गरी रु.४,१०,००,०००।- खर्च गरेको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,१०,००,००० |

१२ **प्रोत्साहन भत्ता -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ [१]मा स्थानीय सेवाको गठन संचालन व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्वन्धी आधारभुत सिद्धान्त र मापदण्ड सघींय कानुन बमोजिम हुनेछ र त्यस्तै दफा ८६को उपदफा [२] मा अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने उल्लेख गरेको छ ।कार्यसम्पादनमा आधारीत प्रोत्साहन भत्ता उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०७९ को ३.२ मा नगरपालिकाका कर्मचारीहरुले नियमित कार्यालय समय भन्दा अतिरिक्त समयमा कार्यालयको आवश्यकता अनुसार उपस्थित भई काम गरे, सार्वजनिक विदाको दिनमा समेत आयोजना हुने विभिन्न कार्यक्रम तथा अभियानमा सहभागी भए, नियमित रुपमा अनुशासित भई आफुले तोकेको जिम्मेवारी पुरा गरे वापत स्थायी कर्मचारीहरुलाई मासिक तलवमानको २० प्रतिशतका दरले प्रोत्साहन भत्ता उपलब्ध गराइने उल्लेख गरेको छ । यस वर्ष प्रोत्साहन भत्ता वापत रु.९८,७०,४५६।- खर्च लेखिएको छ । विदाको दिन अतिरिक्त समय काम गरेको देखिएन । नियमित रुपमा अनुशासित भई तोकेको जिम्मेवारी पुरा गर्नु कर्मचारीको मुख्य कामलाई समेत सुचक मानी कार्यविधिमा राखी प्रोत्साहन भत्ता भुक्तानी दिनु नियमसम्मत देखिएन ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१३ **सोकीय सचिव तथा अन्य कर्मचारी -** स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी पहिलो संशोधन ऐन २०७७ को दफा १२ मा ऐनले निर्धारण गरेको सुविधा वाहेक अन्य सुविधा नपाउने उल्लेख गरेको छ । नगर प्रमुखले सुविधा सम्वन्धी ऐन विपरीत स्वकीय सचिव बकरत बादशाह शेषले मासिक रु.३४७३०।-, प्रेस सल्लाहकार सलमान खानले मासिक रु.३४,७३०।- र मेलमिलाप संयोजक भिष्म राज पन्थिलाइ मासिक रु. २७,७०२।- पाउने गरी नियुक्त गरी रु.१२,३५,४०४।- खर्च लेखेको छ ।अत :स्थानीय पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन विपरीत लेखेको खर्च अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १२,३५,४०४ |

१४ **वितरणमुखी कार्यक्रम :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(१) मा पालिकाहरुले आफनो अधिकारक्षेत्र भित्रका स्थानीयस्तरको विकासका लागि आवधिक वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागु गर्नुपर्ने उल्लेख छ । उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने योजनालाई प्राथमिकता दिनुपर्नेमा वितरणमुखी कार्यमा बजेट विनियोजन गरी खर्च गरेको छ ।नमुना छनोटको आधारमा परिक्षण गर्दा वितरणमुखी कार्यमा वजेट विनियोजन गरी रु. ५५,६२,६०१।- खर्च गरेकोले यस्तो क्षेत्रमा खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| गो. भौ. नं. र मिति | वितरण गरेको सामाग्री | रकम |
|---|---|---|
| ३९।८।७ | घाँसको विउ | २९९९०० |
| ४४।८।७ | तरकारी विउ | २५०००० |

| | | |
|---|---|---|
| ६२।९।१६ | तोरिको विउ | ९९८०० |
| ६३।९।११ | गहुको विउ | २५३४०० |
| ८१।९।२० | च्याउको विउ | २४९३०० |
| ८४।९।२२ | प्याज विउ | २००००० |
| ८७।९।२० | गहुको विउ | १२२४००० |
| १३४।११।१४ | तरकारी विउ मिनिकिट | २५०००० |
| १३७।११।१६ | पवार स्पेयर वितरण | १७१३०० |
| १६१।१२।१४ | कम्पोष्ट मल | ७४८८०० |
| ११४।१२।२६ | घांसको विउ | १९९५०० |
| १७६।१२।२६ | पशुको भिटामीन | २४९२०० |
| १७७।१२।२६ | मकै खेती | २००००० |
| १९६।१।११ | विद्यालयमा संगित समाग्री वितरण | ३९९०१४ |
| २५३।२।११ | घैचा घाँस वितरण | २००००० |
| ३३९।३।२३ | वर्षे फलफुलका विरुवा वितरण | ३७०३८७ |
| ३४०।३।२३ | चरकारी बिउ मिनिकट | १९८००० |
| | जम्मा | ५५६२६०१ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१५ **संचित कोषमा दाखिला** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको नियम ३८ मा अधिकार प्राप्त अधिकारीले स्वीकृत बजेट तथा कार्यक्रम र सम्वन्धित खर्च शीर्षकमा परेको र खर्च गर्न बाँकी रहेमा खर्च गर्न सकिने उल्लेख छ । स्थानीय तहका स्वास्थ्य चौकी प्राथमिक स्वास्थ्य केन्द्र र कर्मचारीहरुको तलव भत्ता खर्च शिर्षकमा विनियोजन भएको रकम खर्च गरी आर्थिक वर्षको अन्तमा बाँकी रहेमा संघीय संचित कोषमा फिर्ता गर्नुपर्नेमा फिर्ता नगरी पालिकाले नगर स्वास्थ्य केन्द्रमा कार्यरत करार तर्फका ९ जना कर्मचारीको तलव भत्ता तथा अन्यमा रु.२७,६३,०००।- खर्च गरेकोले उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २७,६३,००० |

१६ **बक्यौता रकम** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५९ मा पालिकाले आफनो क्षेत्रभित्र आफुले निर्माण रेखदेख वा संचालन गरेको हाट बजार वा पसल वा सरकारी जग्गामा बनेको संरचनाको उपयोग वापत वहाल कर लगाउने सक्ने उल्लेख छ । प्राप्त विवरण अनुसार विभिन्न पसल, कवल,

हाटबजार वहालमा लगाएकोंमा निम्न व्यक्ति तथा संस्थाको बक्यौता बाँकी रहेको देखिएकोले सम्झौताको सर्त अनुसार १० प्रतिशत जरीवाना समेत बक्यौता रकम असुल गर्नुपर्ने रु.

| क्र. स. | भाडामा लिनेको नाम | कबल नं. | बक्यौता रकम | जरिवाना सहित रकम |
|---|---|---|---|---|
| १ | सन्तोष कुमार गौतम | ३ | ३२३६८४ | ३५६०५२ |
| २ | महबुब आलम | ४ | ३५४८५३ | ३९०३३८ |
| ३ | बिन्दु उपाध्याय | ८ | २८३१६० | ३११४७६ |
| ४ | हलिम मुसलमान | २ | ३३७११९ | ३७०८३० |
| ५ | नइम मुससलमान | १ | ३२३८१० | ३५६१९१ |
| | जम्मा | | | १७८४८८७ |

| असुल गर्नुपर्ने | १७,८४,८८७ |
|---|---|

१७ **कार्यक्रम विपरीत खर्च -** (गो. भौ. नं. र मितिः ४५१।०७०।१०।११) वडा न. १० को वडा स्तरीय बजेट शिक्षासंग सम्वन्धी विभिन्न कार्यक्रम वन वातावरण तथा विपद, व्यवस्थापन सुत्केरी पोषण कार्यक्रम, अति विपन्न परीवालाइ क्रिया खर्च समेतको लागि विनियोजन गरेको रु.४,३७,८९६।- रकमबाट जेष्ठ तथा एकल महिलालाइ कम्मल वितरण रु.३,०१,०३२।-, खेलकुद सामाग्री वितरण र प्लाष्टिक कुर्सी खरिद गरेको विल पेश गरी रु. ४,३७,८९६।- खर्च लेखेको छ । कार्यक्रम विपरित वडाध्यक्षको सिफारीसमा लेखेको खर्च अनियमित देखिएको रु.

| अनियमित भएको | ४,३७,८९६ |
|---|---|

१८ **भ्रमण खर्च -** भ्रमण खर्च नियमावली, २०६४ को नियम ४ (१)मा सरकारी खर्चमा भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले सम्भव भएसम्म किफायती र कम खर्चिलो बाटो वा सवारी साधन प्रयोग गरी भ्रमण गर्नुपर्ने उल्लेख छ ।नमुना छनोटमा लेखापरीक्षण गरेकोमा नगरपालिका प्रमुख र उप प्रमुखले निम्न स्थानमा भ्रमण आदेश स्वीकृत गरी भ्रमण जाँदा भ्रमण गर्ने व्यक्तीको नाममा भुक्तानी दिनुपर्नेमा नगर प्रमुखको स्वकीय सचिवको नाममा भुक्तानी दिएको देखिन्छ । पालिका प्रमुखले भ्रमण जाँदा भ्रमण खर्च नियमावली अनुसार पाउने खर्चमात्र भुक्तानी लिनुपर्नेमा नियमावलीमा उल्लेख नभएको होटल वाँस खर्च समेत लेखेकोले उक्त सुविधा लिन पाउने आधार पेश गर्नुपर्ने अन्यथा असुल गर्ने पर्ने रु.

| गो. भौ. नं./ मिति | भ्रमण गर्नेको नाम | अवधी | भ्रमण गर्ने स्थान | होटल वास खर्च |
|---|---|---|---|---|
| ४३९।१०।४ | इश्तियाक अहमदखान | ०७९।९।३-८ | भैरहवा देखि काठमाण्डौ | २१७४० |
| ६२८।१२।२ | इश्तियाक अहमदखान | ०७९।११।१८-२४ | भैरहवा देखि धनगढी सम्म | २७४८१ |
| ७।१।४ | इश्तियाक अहमदखान | ०७९।१२।१९-२१ | काठमाण्डौ | ८९५५० |
| | | **गाडि रिजर्भ** | | |
| ४८८।१०।१३ | उमा अधिकारी | ०७९।१०।८-११ | कठमाण्डौ | १८००० |

| | | | | |
|---|---|---|---|---|
| ७९५।१।१९ | उमा अधिकारी | ०८०।१।२-८ | पोखरा | २६००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,८२,७७१ |

१९ **धर्म संस्कृती पर्व खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा ३ मा योजना बनाउदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने जनताको जिवनस्तर, आम्दानी, रोजगार बढने जस्ता योजनालाई प्राथमिकता दिइ बजेट विनियोजन गरी खर्च गर्नुपर्नेमा पालिकाले धर्म, संस्कृती पर्व आश्रममा बजेट विनियोजन गरी वडा अध्यक्षको तोक आदेशबाट तिज, छठ, लक्ष्मी पुजामा सहयोग रु.६,६४,१६०।- खर्च लेखेको छ ।सहायता वितरणको मापदण्ड तथा कार्यविधि वेगर पालिका प्रमुखको तोक आदेशको आधारमा पर्व तथा धर्म संस्कृती सहायता खर्च लेखेकोले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२० **परामर्श खर्च -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७० मा सार्वजनिक निकायले बीस लाख रुपैयाभन्दा बढीको परामर्श सेवा खरिद गर्न खुला रुपमा कम्तीमा १५ दिनको अवधी दिई राष्ट्रियस्तरकों पत्रिकामा सुचना तोकिय बमोजिमको कुराहरु खुलाइ सुचना प्रकाशन गर्नुपर्ने व्यवस्था छ ।नगरपालिका क्षेत्र भित्रका वडा नं. १ देखि १९ सम्म भुमी वर्गिकरणको लागत अनुमान रु.१९,९७,१६१।- तयार गरिएको छ । परामर्शदाता वर्गिकरणको लागत अनुमानको आधार वेगर २० लाख भन्दा कमको लागत अनुमान तयार गरी लागत अनुमानको हाराहरीमा प्रस्ताव माग गरी खर्च लेखेकोले नियमको पालना गरी खर्च गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२१ **छात्रालाई नगद वितरण -** (गो.भौ.नं. र मितिः ५७०।०७९।११।६) वडा न २ को विनियोजित बजेटबाट क्याम्पसमा अध्ययन गर्ने छात्राहरुलाइ प्रोत्साहन गर्न विद्यार्थीलाई नगद वितरण गर्ने भनि वडा समितिको मिति ०७९।१०।३ को निर्णयबाट प्रति छात्रालाई रु. ५०००।- नगद दिने निर्णय गरेको छ ।नगद वितरण गर्नुपुर्व वडामा रहेका छात्राहरुको विवरण संकलन गरी नगद पाउने छात्राको खातामा रकम जम्मा गर्नुपर्नेमा वडा सचिव दिपक कुमार रौनियारले रकम बुझि छात्राको निवेदनको अधारमा विपन्न छात्राहरुको पहिचान नगरी भरपाईको आधारमा रु.२,०५,०००।- खर्च लेखेको छ ।पालीकाको बजेटबाट दिइने अनुदान रकम वडा समितिले निर्णय गरेर दिनु भन्दा वार्षिक नीति तथा कार्यक्रममा उल्लेख गरी सबै वडाका विपन्न छात्रालाई अनुदान दिनुपर्नेमा वडा समितिको निर्णयबाट नगद वितरण गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,०५,००० |

२२ **आर्थिक सहायता -** स्थानीय सरकार संचालन ऐन २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता पुरस्कार चन्दा संस्थागत अनुदान दिन पाउने व्यवस्था छैन । पालिकाले विभिन्न संस्थालाई रु.९,९९,०००।- र अन्य सहायतामा रु.३,४८,०००।- समेत जम्मा रु.१३,४७,०००।- खर्च लेखेकोले यस्तो सहायता दिनेमा कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२३ **अवलोकन भ्रमण खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा १ मा पालिकाहरुले आफनो अधिकारक्षेत्र भित्रका स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागु गर्नु पर्ने उल्लेख छ ।त्यस्तै उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने योजनालाई प्राथमिकता दिनुपर्नेमा जनप्रतिनिधि कर्मचारीको अवलोकन भ्रमणमा बजेट विनियोजन गरी खर्च लेखेको छ । नमुना छनोटको आधारमा परिक्षण गरेकोमा अवलोकन भ्रमण कार्यमा वजेट विनियोजन गरी रु.२०,७१,९१९।- खर्च गरेकोले यस्तो अनुत्पादक क्षेत्रमा खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| गो. भौ. नं. र मिति | अवलोकण भर्ने पदाधिकारी | वजेट विनियोजन | खर्च रकम |
|---|---|---|---|
| २५५।७।२९ | जनप्रतिनिधि र कर्मचारी | वडा न ४ | १७५८७० |
| ४६६।१०।१२ | जनप्रतिनिधि र कर्मचारी | वडा न ३ | १४९९५० |
| ५००।१०।२२ | जनप्रतिनिधि र कर्मचारी | वडा न ९ | २००००० |
| ६३०।१२।२ | जनप्रतिनिधि र कर्मचारी | वडा न ८ | १७०००० |
| ७९४।१।१९ | स्वास्थ्य तर्फ | वडा न १० | ९०००० |
| ८०५।१।२१ | जेष्ठ नागरिक अपाङ्ग | वडा न ५ | २००००० |
| ८१५।१।२१ | जनप्रतिनिधि र कर्मचारी | वडा न १३ | २५०००० |
| ९४२।२।२५ | जनप्रतिनिधि र कर्मचारी | वडा न २ | २३६०८० |
| ९८४।३।५ | जनप्रतिनिधि र कर्मचारी | वडा न ६ | १४७५१९ |
| ११४३।३।३० | जनप्रतिनिधि र कर्मचारी | वडा न ६ | २३०००० |
| | | जम्मा | १८४९४१९ |

सैद्धान्तिक बेरुजु

२४ **सरसफाइ खर्च** - (गो.भौ.नं. र मितिः ५।०७९।५।२३) पालिकाबाट संचालित कार्यक्रमहरुको भुक्तानी लिदा संचालन गर्ने कार्यक्रम कार्यालय प्रमुखबाट स्विकृत गराई सम्पन्न पश्चात नियम अनुसार खर्चको विल भरपाई पेश गरी आर्थिक प्रशासन शाखामा पेश गर्ने र आर्थिक प्रशासन शाखाबाट विल भरपाईको चेक जाँच गरी सम्वन्धित व्यक्तिको खातामा रकम जम्मा गर्नुपर्दछ । पालिकाको वडा नं. ३ र १३ मा बोटविरुवा संरक्षण तथा सरसफाई गरेको भनि नगर प्रमुखको स्वकीय सचिव वरकत वादशाह शेषले निवेदनबाट डोर हाजीर पेश गरी १५ जनाले ११ दिन सरसफाई काम गरेको भनि स्वकीय सचिवलाई भुक्तानी दिई रु.१,५७,७७३।- खर्च लेखेको छ । लेखाको सिद्धान्त विपरित खर्च रकम माग गरी भुक्तानी दिएको रकम अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,५७,७७३ |

२५ **सोझै खर्च** - सार्वजनिक खरिद ऐन २०६३ को दफा ६९(१) र नियमावली २०६४ को नियम १४(२)मा बोलपत्रमा पर्याप्त प्रतिस्पर्धा गारउन बोलपत्र अवह्वान गर्न सकिने व्यवस्था छ । त्यसैगरी सोही ऐनको दफा २६(६) मा कुनै बोलपत्रदाताले आपसमा मिलोमतो गरी बोलपत्र दाखिला गरेको हुन सक्ने सम्भावना तर्फ समेत मध्यनजर गर्दै मिलोमतो भएको पुष्टी भएमा ऐनको प्रावधान अनुरुप बोलपत्र रद्ध गर्न सकिने व्यवस्था समेत रहेको छ । योजनामा विनियोजन रकम खरिद ऐन तथा नियमावलीको व्यवस्था अनुसार खर्च गर्नुपर्नेमा सिधै कोटेसन मार्फत प्रतिस्प्रर्धा वेगर लागत अनुमानको हाराहरीमा निर्माण व्यवसायीसंग सम्झौता गरी रु.७४,११,३२२।- गरिएको खरिद कार्य मितव्ययी र गुणस्तरीय समेत नभएकोले प्रतिस्प्रर्धा सिमित हुने गरी खर्च गर्ने कार्यमा सुधार गर्नुपर्दछ ।

| गो. भौ. नं. र मिति | निर्माण व्यवसायीको नाम | कामको विवरण | भुक्तानी |
|---|---|---|---|
| १६८।३।१४ | अनस निर्माण सेवा | नाला तथा ढलान | ६६२३६२ |
| १६९।३।१५ | ए के कन्स्ट्रक्सन | आरसिसि ढलान | ९६६८४० |
| १७७।३।१८ | एस पि के कन्स्ट्रक्सन | सडक नाला ढकन लगाउने | ६२८०७८ |
| १७८।३।१८ | वागेश्वरी निर्माण सेवा | वाउनड्री वाल निर्माण | ९५१०९० |
| १७६।३।१८ | नम्र निर्माण सेवा | सडक नाला निर्माण | ८९६८०४ |
| १८५।३।१९ | जयसवाल कन्स्ट्रकसन | सडक तथा नाला निर्माण | ६८१६८७ |
| १८९।३।२० | एशियालि कन्स्ट्रक्सन | आरसिसि ढलान | ९००९१७ |
| १९१।३।२० | एस पि के कन्स्ट्रक्सन | आरसिसि ढलान | २५९६७९ |
| १९२।३।२० | राजिया निर्माण सेवा | स्यालो वोरिङ्ग निर्माण | ४४८४७१ |
| १९४।३।२० | वेलाल निर्माण सेवा | नाला निर्माण | १९५७१४ |
| २०१।३।२१ | एस एस एफ कन्स्ट्रक | नाला निर्माण | ८१९६८० |
| जम्मा | | | ७४११३२२ |

सैद्धान्तिक बेरुजु

२६ **पदाधिकारीको इन्धन खर्च** - स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७६ को दफा ४ (१) मा पदाधिकारीलाई सम्वन्धित स्थानीय तहले सवारी साधन उपलव्ध गराउने उल्लेख छ । त्यस्तै उपदफा ३ मा त्यस्तो सवारी साधनलाई अनुसुची बमोजिम नगर प्रमुख र उपप्रमुखलाई १२० लिटर इन्धन उपलब्ध गराउने उल्लेख गरेको छ । अनुसुचीमा उल्लेख भए बमोजिम इन्धन खर्च लेख्नुपर्नेमा बढी इन्धन खर्च लेखेको अनियमित देखिएको रु.

| पदाधिकारी | लिन पाउने इन्धन | खर्च लेखेको इन्धन | बढी रकम |
|---|---|---|---|
| नगरपालिका प्रमुख | १४४० लिटर | ३०१५ लि | २४८८५० |

| | | | |
|---|---|---|---|
| नगरपालिका उप प्रमुख | १४४० लिटर | २६४३ लि | १९००७४ |
| | | जम्मा | ४३८९२४ |
| | | अनियमित भएको | ४,३८,९२४ |

२७ **गैर सरकारी संस्थाबाट कार्य -** सार्वजनिक खरिद ऐन २०६३ को दफा ४६ मा जनचेतना सम्वन्धी तालीम, अभिमुखिकरण, सवलीकरण, मुल प्रवाहीकरण जस्ता कार्य गैरसरकारी संस्थाबाट गराउदा छिटो ,छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैरसरकारी संस्थाबाट तोकिए बमोजिमको प्रक्रिया अपनाई त्यस्तो कार्य गराउन सकिने व्यवस्था छ ।सो विपरीत पालिकाले नियमित प्रकृतिका तथा विषयगत शाखामा कार्यरत जनशक्तीबाट गर्न सकिने कार्य पनि गैरसरकारी संस्था मार्फत गराएको छ ।गैर सरकारी संस्थाबाट गरेका निम्न कार्यहरु मितव्ययी नभएको, पटक पटक एउटै फर्मबाट कार्यक्रम संचालन गरेको तथा ऐन नियम विपरीत कार्य गराई रु.१६,५९,२४९।- खर्च लेखेकोले नियमको पालना गरी खर्च गर्नुपर्दछ ।

| गो. भौ. नं. र मिति | गैर सरकारी संस्थाको नाम | कार्यक्रमको नाम | रकम |
|---|---|---|---|
| ९७९।३।४ | हाम्रो लुम्विनी ज्ञानदिप सामाजिक संस्था | जुत्ता चप्पल बानउने | २८६००० |
| १०१६।३।१७ | स्माइल फाउन्डेसन नेपाल | सिलाइ कटाइ तालिम | १४७९३० |
| ११०८।३।२३ | राजिव व्युटि पार्लर | व्युटीपार्लर तालिम | २२२२७९ |
| १०९४।३।२३ | वर्ल्ड वाइड टेक्निकल प्रा | प्लम्मर तालिमा | १७२८०० |
| ७९३।१।११ | शिव काल्याण केन्द्र | अगरवत्ती तालिमा | २९७००० |
| ८९५।२।१६ | विर फाउन्डेसन नेपाल | स्यानेटरी प्याड | ११८२४० |
| २९२।२।३१ | ग्लोबल ट्रनिङ्ग सेन्टर | जुत्ता चप्पल बनाउने | ४१५००० |
| जम्मा | | | १६५९२४९ |
| | | | सैद्धान्तिक बेरुजु |

२८ **नगदी उपयोगः**

२८.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार करारको शर्त बमोजिम प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यको भुक्तानी गर्नुपर्ने व्यवस्था छ। आ.व. २०७८/०७९ मा बेलहिया मा.वि.को रु.७७,०४,५८३।- लागत भएको भवन निर्माणका लागि निकासा दिएको देखिन्छ।

| गौ.भौ.नं. र मिति | पेश्की | दिने निकाय | फछ्यौंट | खर्च |
|---|---|---|---|---|
| ४८०।०७९।३।२५ | ६००००० | सामाजिक वि.डि. | ६००००० | २०००००० |

| | | | | |
|---|---|---|---|---|
| २४६।०७९।३।२४ | १३००००० | सिद्धार्थ न.पा. | १३००००० | १३००००० |
| ०७९।३।२।४ | ० | सिद्धार्थ न.पा. राष्ट्रपति | ० | ३६००००० |
| | ० | विद्यालय/उपभोक्ता | ० | |
| जम्मा | १९००००० | | १९००००० | ६९००००० |

रु.७७,०४,५८३।- बराबरको भवन निर्माण गर्न रु. ६९ लाख सामाजिक विकास डिभिजन र नगरपालिकाबाट निकासा भएको छ । लागत अनुमानको बाँकी रु.८ लाख विद्यालय, उपभोक्ता र चन्दादाताबाट हुनेगरी सम्झौता गरेको छ।

सैद्धान्तिक बेरुजु

२८.२ आ.व.२०७८/०७९ मा उक्त भवनको निर्माणको काम रु.२८,७१,०२६।- मूल्याङ्कन गरी पालिकाले दिने अनुदानबाट रु.१३ लाख पेस्की फछ्र्यौट गरेको छ। बाँकी मूल्याङ्कन रु.१५,७१,०२६।- सामाजिक विकास डिभिजन र विद्यालयमा भुक्तानीको लागि सिफारिस गरेको छैन। सोही मूल्याङ्कनमा सामाजिक विकास डिभिजनले रु.२० लाख पेस्की फछ्र्यौट सहित खर्च गरेको छ। उक्त दुई तले ६ कोठे भवन २०७९।३।२० मा सम्पन्न गर्नुपर्नेमा २०८०।७।१ सम्म रु.४५,४९,१३५।- बराबरको काम भएको विवरण पेश भएको छ। लागत रु.७७,०४,५८३।- मध्ये रु. ४५,७९,१३५।- को कार्यसम्पन्न भएको विवरण पेश भएको छ। पालिकाबाट छानबिन हुँदा दुई तले ६ कोठे भवनको रु.४५,७९,१३५।- मध्ये उपभोक्ताको रु.६,४१,९९४।- कट्टा गरी बाँकी रु.३९,३७,१४०।- सम्झौता बमोजिम सामाजिक विकास डिभिजन र पालिकाले गर्नुपर्ने उल्लेख गरेकोमा पालिका र सामाजिक विकास डिभिजनले रु. ६९ लाख निकासा गरेको हुँदा बढी रु.२९,६२,८५९।- कामको प्राविधिक प्रतिवेदन पेश गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२८.३ बेलहिया मा.वि.को भवन निर्माण खाता नम्बर ३४९०१०००००१४०००१ बाट निम्न मितिमा देहाएका व्यक्तिले राष्ट्रिय वाणिज्य बैंकबाट नगद खाताबाट झिकेको देखिन्छ ।

| मिति | व्यक्ती | रकम |
|---|---|---|
| ०७९।३।२७ | CLG TFR | ३००००० |
| ०७९।३।२७ | देवराज न्यौपाने | १०००००० |
| ०७९।४।१० | देवराज न्यौपाने | २५००००० |
| ०७९।४।२ | गोपाल क्षेत्री | ६००००० |
| ०७९।४।२५ | मनोज जैसवाल | ५००००० |
| ०७९।१।१७ | सुरेन्द्र कुमार क्षेत्री | ५५५५५ |
| ०७८।१२।२१ | सुरेन्द्र कुमार क्षेत्री | २५०००० |

| | | |
|---|---|---|
| ०७८।१२।२२ | CLG हस्तान्तरण TFR | ५०००० |
| ०७९।१।२९ | देवराज न्यौपाने | १३००००० |
| ०७८।१२ | सुरेन्द्र कुमार क्षेत्री | २००००० |
| ०७८।१२ | सुरेन्द्र कुमार क्षेत्री | ४००००० |
| | जम्मा | ७६०५५५५ |

त्यसैगरी २०७८ चैत्रमा भवन निर्माण समितिको खातामा हस्तान्तरण नगरी सिधै विद्यालयको खाताबाट सुरेन्द्र कुमार क्षेत्रीले लिएको रु.६,००,०००।- पेश्की फछ्यौंट गर्नुपर्ने रु.

| | |
|---|---|
| पेश्की | ६०,००,००० |

२८.४ माथिको तालिकाको बैंक हिसाब विवरण अनुसार CLG TFR दुईपटक रु. ८ लाख ट्रान्सफर गरेको विवरण देखिन्छ । सो सम्बन्धमा जानकारी नभएकोले उपभोक्ताको तर्फबाट जम्मा रु. ८ लाख देहाय बमोजिम छ । सो CLG TFR भनि खाताबाट निकालेको यकिन गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| मिति | नाम | रकम |
|---|---|---|
| ०७८।१२।१४ | इन्द्र कुमार | २००००० |
| ०७८।१२।१४ | इन्द्र कुमार- देवराज न्यौपाने | २००००० |
| ०७८।१२।१४ | इन्द्र कुमार- गोपाल क्षेत्री | ४००००० |
| | **जम्मा** | **८०००००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,००,००० |

२८.५ ६ कोठे दुई तले भवन निर्माणको मूल्याङ्कन रू.४५,८९,१३५।- प्राविधिक बिलबाट देखिन्छ । भवन निर्माणमा पुरानो संरचनाबाट प्राप्त निर्माण सामग्री प्रयोग भएको जनाएको छ। सो बिल भरपाईको खर्च सार्वजनिक गरी प्रमाणित खर्च पुष्टि गर्ने कागजात पेश भएको छैन। प्राविधिक मूल्याङ्कन अनुसार भवन निर्माणमा उपभोक्ताको रु. ८ लाख र सामाजिक विकास डिभिजनबाट र सिद्धार्थ न.पा.बाट प्राप्त रु. ६९ लाख समेत रु. ७७ लाख मध्ये प्राविधिक मूल्याङ्कनको रु.४,५७,९१,१३५।- कट्टा गरी बाँकी रु. ३१,२०,८६४।- र सोको वार्षिक ब्याज र सावा असुली गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३१,२०,८६४ |

२८.६ सरकारी नगद लिने सुरेन्द्रकुमार क्षेत्री रु.९,०५,५५५।-, देवराज न्यौपाने रु.४८,००,०००।-, गोपाल क्षेत्री रु. ६,००,०००।- र मनोज जयसवाल रु.५,००,०००।- समेत जम्मा रु.६८,०५,५५५।- व्यक्तिको नाममा भुक्तानी भएकोले सजग गराई छानबिनको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६८,०५,५५५ |

२९ **पालिका पूँजिगत निर्माण तथा परामर्शः**

२९.१ **स्कुल फर्निचर-** (गो. भौ. नं. र मितिः ५६।०८०।३।२०) पक्लीहवा मा.वि. सिद्धार्थ नगरपालिका १ को लागि फाइबर डेक्सबेन्च एमएस्टी स्टिल फर्निचरबाट ३६८ थान प्रतिथान रू.१०,४३५।- को दरले रु.३८,४०,०८०।- भुक्तानी गरेको छ। विद्यालयमा रहेको पुरानो फर्निचर मर्मत वा पुन : प्रयोग गर्न मिल्ने गरी लागत घटाउनुपर्नेमा पुरानो उपयोग व्यवस्था नभई नयाँ डेक्स बेन्च राखी दायित्व परेको र पुरानो फर्निचर व्यवस्थापनको अवस्था खुलेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३८,४०,००० |

२९.२ **बढी खर्च-** (गो. भौ. नं. र मितिः ११।०७९।११।२) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा खर्च प्रमाणित गर्ने बिल, भरपाई प्रमाण, कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ। सडक बोर्ड नेपाल कार्यक्रमको प्रिमिक्स कार्पेट गरेबापत ओमसाइ निर्माण सेवालाई रु.३२,०३,८४८।- भुक्तानी गरेको छ । प्राप्त नापी किताब अनुसार सडक विभागको ओपन ग्रेड प्रिमिक्स स्पेसिफिकेसन बमोजिम ०.०२ राख्नुपर्नेमा सोभन्दा बढी राखी २९७२.२१ वर्गमिटरको हुने ५९.४५ घनमिटरको भुक्तानी दिनुपर्नेमा ८७.८६ घनमिटरको नापीबाट भुक्तानी गरेकोले बढी २८.४१ घनमिटरको रु.१५,०००।- का दरले हुने रु.४,२६,१५०।- र सोको मुअकर समेत भुक्तानी भएकोले लागत भार परेको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,२६,२५० |

२९.३ (गो. भौ. नं. र मितिः ४२।०७९।९।२९) ओमसाई निर्माण सेवालाई क्लोज्ड ग्रेडेड प्रिमिक्स सडकको नर्म्स अनुसार ३६२०.४७ वर्गमिटरमा ०.०२ मिटरले हुन आउने ७२.४० घनमिटर दिनुपर्नेमा ९०.५३ घनमिटर दिएकोले १८.१२ घनमिटरको रु.१३,०००।- का दरले रु.२,३५,६६०।- मुअकर समेत नर्म्स भन्दा बढी भुक्तानी गरेको असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,६६,१८३ |

२९.४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वास्तविक योजना मागको आधारमा उत्पादन र रोजगारीमुखी कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ। पालिकाले चापाकटर, काउम्याट, हाते पम्प, पम्प सेट जस्ता सामान खरिद गरी वितरण गरेको छ। वस्तुगत अनुदान साझेदारी र निःशुल्क वितरणको विवरण देहाय बमोजिमको छ। प्राथमिकता र औचित्यता पुष्टि गर्ने आधारमा आवश्यक पुष्टि र उपयोगको अवस्था अनुगमन गरी यस्तो वितरणमुखी कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| गो.भौ.नं. र मिति | सामान | परिमाण | मूल्याङ्कन | खर्च |
|---|---|---|---|---|
| २२९।०८०।३।२० | चापाकटर | २० | ८००००० | ५००००० |

| | | | | |
|---|---|---|---|---|
| २६४।०८०।३।२३ | पानी तान्ने पम्प | २८ | ७२८४०० | ४८४५०० |
| ८०।०७९।१२।२२ | हातेपम्प | ११ | ४४५२०७ | ६८६११० |
| १३५।०८०।२।१७ | पानी वोरिङ्ग | ६ | ३२८२६७ | ८९२४९१ |
| २१८।०८०।३।२२ | पम्पसेट | ४५ | ६९७५०० | ४९८६३५ |
| | **जम्मा** | **११०** | **२९९९३७४** | **३०६१७३६** |

सैद्धान्तिक बेरुजु

२९.५ **परामर्श खर्च** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६९ मा सेवा खरिदको कार्यक्षेत्रगत शर्त र अनुभव, गर्नुपर्ने काम, आधारभूत तथ्याङ्क कामको लागि ज्ञान वा सीप हस्तान्तरण, कामको लागि योग्यता र अनुमानित समय, मूल्य, जनशक्ति अन्य परामर्श खरिदमा प्रयोग गर्न नमिल्ने, सूचना भौतिक सुविधा र उपकरणको विवरण, पेश गर्नुपर्ने तथ्याङ्क नक्सा सर्भे प्रतिवेदन उल्लेख गरी कार्यालयमा उपलब्ध नभएको जनशक्ति, उपकरण र अन्य कार्यालय सुविधा कट्टा गरी काम सम्पन्न गर्नुपर्ने व्यवस्था छ। पालिकामा इन्जिनियर वा प्राविधिक र अन्य जनशक्ति भएको उपकरण व्यवस्था गर्न सकिने, सवारी भाडा गाडी र कार्यालय दिन सकिने समेत मूल्याङ्कन नगरी देखाएको काममा परामर्शदातालाई रु.५२,३७,१७४।- भुक्तानी भएकोमा यकिन हुन नसकिएको ।

| गो.भौ.नं. र मिति | काम | परामर्शदाता | खर्च | अध्ययन लागत |
|---|---|---|---|---|
| ५६।०७९।१०।२० | सर्भे डिजाइन | भैरहवा इन्जिनियरिङ | ७९१२४८ | २५३७६८२० |
| १६४।०८०।३।३० | ३D Model Stadium | ड्रिम कन्सल्टेन्ट | १९७९८७२ | २४३७५८८७४ |
| २३३।०८०।३।२० | कन्जिहाउस DPR | रिम्पल ट्रेडिङ | १४७३६३२ | २६३९४४००० |
| २६९।०८०।३।२३ | ३D Model Historical construction | दुरदर्शी इन्जिनियरिङ | ९९२४२२ | ५०७९४००० |
| | | **जम्मा** | **५२३७१७४** | **५८३८७३६९४** |

सैद्धान्तिक बेरुजु

२९.६ **वडा अध्यक्षको नाममा खर्च-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १९(५) मा सरकारी रकम खर्च गर्दा खर्च प्रमाणित गर्ने बिल, भरपाई, प्रमाण, कागजात सहित जिम्मेवार वा तोकिएको व्यक्तिले कार्यसम्पादन गर्नुपर्छ । वडा अध्यक्ष श्री मुक्तिनाथ यादवले प्रमुख प्रशासकीय अधिकृत अन्तर्गतको जिम्मेवारी पाउने देखिँदैन। सामानको बिल भरपाई राखी, गरेको खर्चको अनुगमन तथा मूल्य यकिन गरी नियमित गर्नुपर्ने रु.

| गो.भौ.नं. र मिति | सामान | संख्या | भूक्तानी |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| २१६।८०।३।२२ | डेक्ची ४, ६केजी कराइ | - | ४९७७३ |
| २१५।०८०।३।२३ | डक्ची प्लेट, डाडुपन्यू | - | ९९३८८ |
| २१४।०८०।३।२२ | खानेपानी धारा जडान | - | ९९९४८ |
| २१३।०८०।३।२३ | कृषियन्त्र स्प्रेयर | १८ | ९९००० |
| | जम्मा | १८ | २४९१६० |

| | |
|---|---|
| अनियमित भएको | २,४९,१६० |

२९.७ **टयाककोट बिटुमिन बढी प्रयोग-** सडक विभाग स्पेक नम्बर १३०२ नर्म्स नम्बर १३.२ ए मा तालिका बमोजिम टयांककोट बिटुमिन कार्पेट प्याभिङको क्षेत्रफलको ६० प्रतिशतले हुने लिटरमा प्रयोग हुनु पर्ने व्यवस्था छ। देहायको भौचरबाट प्राइमकोट बिटुमिन नर्म्स भन्दा बढी प्रयोग गरी खर्च लेखेकोले बढी प्रयोग नभएको प्रमाण पेश गर्नुपर्ने रू.

| गो.भौ.नं. र मिति | दिएको | दिनुपर्ने | बढी लिटर | दर | मुअकर समेत जम्मा |
|---|---|---|---|---|---|
| १३।०८०।१।२१ | १४३८.१ | ८६२.८७ | ५७५.२४ | १५० | ९७५०५ |
| ६१।०७९।११।२ | २९८२.५६ | १७८९.५५ | ११९३.२ | १५० | २०२२५० |
| ४२।०७९।९।२९ | ३६२०.४ | २१७२.२ | १४४८.२ | १५० | २४५४६५ |
| १०२।०७९।१२।२४ | ४३८८.९५ | २६३३.१९ | १७५५.५ | १३० | २५७८८० |
| २२५।०८०।३।२० | २३१८.८ | १३९१.२८ | ९२७.५२ | १३० | १३६२५५ |
| २२६।०८०।३।२० | २३१० | १३८६ | ९२४ | १४५ | १५१४०० |
| २६५।०८०।३।२३ | १४९५ | ८९७ | ५९८ | १६५ | १११४९८ |
| जम्मा | १८५५३.८१ | १११३२.०९ | ७४२१.६ | | १२०२२५३ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,०२,२५३ |

२९.८ **फलामे डन्डी-** सार्वजनिक खरिद नियमावली २०६४, को नियम १०(२) स्वीकृत नर्म्स बमोजिम लागत अनुमान तयार गर्नुपर्दछ। सडक विभागको नर्म्स २०.५-२०१४ बमोजिम फलामे डन्डीको काममा चार जना दक्ष र ९ जना अदक्ष लाग्ने उल्लेख गरी श्रम ज्याला रु. ९०७३।- उल्लेख गरी दर विश्लेषण गरेको, त्यसैगरी सहरी विकास तथा भवन निर्माण विभागको नर्म्समा दक्ष र अदक्ष को रु.१८०८४।- प्रति टन उल्लेख भएको छ। पालिकाले काम एउटा र दर दुईवटा हुनेगरी दर विश्लेषण गरेको देखिन्छ । दररेटमा मितव्ययी दर लिनुपर्नेमा लिएको नपाइएकोले ज्याला प्रति केजी रु.९.०१ र सोको मुअकर समेत रु १०.१८ परेको देखिन्छ । फलामे रड प्रयोग गरेको भौचर नम्बर १०२,४८,६९, ५९, १३४ र अन्य २ समेत ७ भौचरबाट ३८७९३४.३२ केजी स्टिल उपयोग भएको नापीबाट देखिन्छ। उक्त स्टिलको

लागत अनुमान नै यथार्थ नहुँदा सरकारलाई व्ययभार पर्ने गरी प्रति केजी रु १०.१८ को दरले ज्याला खर्च लेखेको छ । कुल स्टिल उपयोग ३८७९३४.३२ केजीको कंक्रिटमा भारपरी लागतभार दोहोरो खप्टिने गरी गरेकोले स्टिलको ७८५० बराबर १ घनमिटर हुने दरले कंक्रिट ४९.४२ घनमिटर प्रति घनमिटर रु.१२००।- का दरले हुने रु.५,५३,०२०.६१ सोको मुअकर समेत रु.६७,०११५।— बढि लागत भार परेको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२९.९ **ईटा आकार-** सहरी विकास तथा भवन निर्माण विभागको नर्म्स बमोजिमको दर विश्लेषणमा ३२-सि.२ -५(२)क बमोजिमको दर विश्लेषणमा इट्टाको सङ्ख्या ५६० प्रतिघनमिटर र प्रतिगोटा ढुवानी समेत रु १४.६५ उल्लेख गरेको छ। यही जिल्लाको कुनै पालिकामा ५३० राखी विशेषण गरेको देखिन्छ। नर्म्स अनुसार इट्टाको आकारले सङ्ख्या निर्धारण गर्ने विषयमा नर्म्समा स्पष्ट निर्देशन गरेको छ। तराईको इट्टा ठूलो आकारको हुने र कम सङ्ख्यामा काम गर्न सकिने अवस्था हुँदाहुँदै समान भूगोल भएका अन्य पालिकामा प्रति घनमिटर ४४० लाग्नेबाट समेत काम गराएको अवस्था स्थानीय सरकार सञ्चालन ऐनको दफा १३ ले देखाए पनि संशोधन गरेको पाइएन। प्रयोग गरेको ५६० यथार्थ बनाउन लाग्ने ४४० गोटाको अन्तर १३० देखिन्छ। पालिकाले भौचर नम्बर ५, १५,१७, (७।१७।३५) ४८,५९,१०६,११८,१३४ र १२९ लगायतमा १४ भौचरबाट १८५४.४६ घनमिटर इट्टाको काम भएको हुँदा प्रति घन मिटर १२० र प्रतिगोटा मूअकर समेत १६.५५ का दरले हुने रु.३६,८२,९५८।- बढी इट्टा लागत अनुमान सही र यथार्थ नहुँदा सरकारको लागत भार बढेको छ ।

सैद्धान्तिक बेरुजु

३० **पालिका पूँजिगत खरिद तथा निर्माणः**

३०.१ **खरिद कार्य** - सार्वजनिक खरिद नियमावली २०६४, को नियम ३१, ८४ र ८५ मा प्रतिस्पर्धा गरी स्वच्छ खरिद कारोबार गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष २० लाखभन्दा माथिका ५६ ठेक्काको रु. २९ करोड ७८ लाख ८२ हजार बराबरको लागत अनुमान को काम रु.२३ करोड ९९ लाख ८९ हजारमा सम्झौता गरी लागत अनुमान भन्दा १९.४५ प्रतिशत घटीमा सम्झौता भएको छ। त्यसैगरी रु.२० लाख सम्मको सिलबन्दी कोटेसन २४ वटा योजनामा रु. ४ करोड २० लाख ८७ हजारको लागत अनुमानबाट प्रतिस्पर्धा गराउँदा रु.३ करोड ५१ लाख ९४ हजार अर्थात् लागत अनुमानको १६.३७ प्रतिशत घटीमा सम्झौता गरी रु.३ करोड १९ लाख ४५ हजार भुक्तानी भएको विवरण पेश गरेको छ। राष्ट्रिय बोलपत्र ५६ मध्येर रु.१ करोड भन्दा बढी लागत अनुमान भएको ठेक्काको प्रतिस्पर्धा स्थिति देहाय बमोजिम छ।

(हजारमा)

| काम | लागत अनुमान | सम्झौता रु. | स्वीकार |
|---|---|---|---|
| श्री पक्लीहवा मा.वि. | १९४६९ | १२३१२ | ६३.२४ |
| श्री नवदुर्गा मा.वि. | १९४०९ | १३२५१ | ६८.२७ |

| | | | |
|---|---|---|---|
| श्री माहात्मा गौतमबुद्ध मा.वि. | १९५६९ | १४१११ | ७२.११ |
| शुसम्बत मा.वि. | १०८३० | ७५६९ | ६९.८९ |
| सामुदायिक कृषि बजार | १५७३१ | १२०१८ | ७६.४ |
| जम्मा | ८५००८ | ५९२६१ | ६९.७१ |

त्यसैगरी यो वर्ष पालिकाले गतवर्ष सुरु एक ठेक्का र यो वर्ष ठेक्कामा समयमा काम नगरेको भनी पूर्वनिर्धारित क्षतिपूर्ति रु.११,०२,८४५।- असुल गरेको पाइयो ।

सैद्धान्तिक बेरुजु

३०.२ **पूर्वाधार संरचनाको उपयोग-** पालिकाले सामुदायिक कृषि बजार पूर्वाधार निर्माणको स्रोतबाट कृषि बजारलाई व्यवस्थित गर्न रु. १२ करोड ५४ लाख ६१ हजारको लागत अनुमान गरी प्रतिस्पर्धाबाट रु. ९ करोड ५८ लाख ५२ हजारमा मिति २०७६।२।१९ मा सुरु गरी २०७८।६।२० मा सम्पन्न गर्ने गरी सम्झौता गरेको र कामको प्रगतिको क्रममा रु.२ करोड ३५ लाख ६६ हजार ४१३ थप भई रु.११ करोड ९४ लाख १८ हजार भेरिएसन पछिको सम्झौता गरी रु.१९,१८,०१९ मूल्य वृद्धि समेत रु १२ करोड १३ लाख ३६ हजार अन्तिम भुक्तानी भएको छ। आ.व. २०७८/०७९ मा सोही भवनको पर्खाल र जमिन मिलाउने काममा रु.३४ लाख ४८ हजार र फ्लोरिङ र फिनिसिङ यो वर्ष रु.९८ लाख ८८ हजार समेत रु.१३ करोड ४० लाख ७२ हजार मिति २०८०।३।१५ सम्ममा सम्पन्न भएको छ । उक्त कृषि बजार पूर्वाधार परिचालन गर्न सूचना गरी बढाबढमा माग गर्दा निजी क्षेत्रलाई आश्वस्त पारी प्रतिस्पर्धाबाट भाडामा लगाउन सकिएको छैन । हाल उक्त भवन प्रयोगविहीन अवस्थामा रहेकोले विकल्पको छलफल गरी परिचालन हुनुपर्छ।

यसैगरी Financial feasibility report covering cost and benefit analysis. Sheo and company ले गरेको वित्तीय सम्भाव्यता अध्ययनले १३ वर्ष १ महिना २९ दिनमा संरचनाको लागि प्राप्त हुने साधारण अनुमान छ ।३० वर्षको नगद प्रवाह रु.२ अर्ब २० करोड ९८ लाख २४ हजार अनुमान भएतापनि डिस्काउन्टेड विधिबाट गणना गर्दा ३० वर्षमा रु.४३ करोड ६६ लाख ७३ हजार देखाएको छ। रु.१६ करोड ९३ लाख ८२ हजार गरी १८ वर्षमा नगद प्रवाह लगानी फिर्ता भई १२ वर्षमा रु.४३,६६,७३,३७१।- कमाइ हुने आसलाग्दो प्रतिवेदन भएतापनि कार्यान्वयन हुन नसक्दा प्रत्येक दिन भाडा रू.३६,६४३.४८ को दरले २०८० श्रावण १ देखि लेखापरीक्षण अवधि २०८०।१०।२६ सम्म ७ महिनाको हुने दिन २१० दिनको रु.७६,९५,१३०।- गुमाएको अवस्था छ। समयमा उद्देश्य बमोजिम परिचालन गरी आय गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३०.३ **मूल्य समायोजन-** सार्वजनिक खरिद नियमावली २०६४, को नियम ११९ मा मूल्य समायोजन गर्ने कुरा प्रचलित ऐन बमोजिम खरिद सम्झौता उल्लेख गरी दिन सकिने व्यवस्था छ।आ.व.०७७/०७८ मा पालिकाको प्रशासकीय भवन निर्माण कार्यको सुरु सम्झौता रु.१५,३८,९०,२१२ भएकोमा यो वर्ष छैटौं विलसम्म मु.अ.कर बाहेक रु.१०,३४,०९,०४९।-को काम सम्पन्न गरी मूल्यवृद्धि रु.१,४९,०९,७१९।-

समेत रु.११,८३,१८,६६८।- मु.अ.कर र पी.एस. बाहेक भुक्तानी भएको छ। छैठौं बिलसम्म ६७ प्रतिशत प्रगति देखिन्छ। कुल मोविलाईजेसन पेस्की रु.३,०७,७८,०००।- मध्ये रु. २,१०,००,०००।- फछ्यौंट भई रु.९७,७८,०००।- पेश्की बाँकी छ । मोबिलाइजेसन पेश्कीबाट भएको काम मूल्याङ्कनबाट रु.३,०७,७८,०००।- घटाएर मूल्य वृद्धि गणना गरेको छ ।

| रनिङ बिल | विल रकम | पेश्की | बाँकी | मानक | दिनुपर्ने मूल्यवृद्धि | दिएको |
|---|---|---|---|---|---|---|
| तेस्रो | २१९२९५१७ | ६३०५१४० | १५६२४३७७ | ०.१५८ | २४६८६५१ | ३२९०२५१ |
| चौथो | २००७५१७२ | ८८००००० | ११२७५१७२ | ०.१६१ | १८१५३०३ | ३२३२१०२ |
| पाँचौं | ९५९९०१५ | ५०००००० | ४५९९०१५ | ०.१८९ | ८६९२१४ | १८१४२१३ |
| छैठौं | ८०३८२७७ | २०००००० | ६०३८२७७ | ०.१७४ | १०५०६६० | १३९८६६० |
| जम्मा | ५९६४१९८१ | २२१०५१४० | ३७५३६८४१ | | ६२०३८२८ | ९७३५२२६ |

सैद्धान्तिक बेरुजु

३०.४ **मूल्य वृद्धि आधार-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम ७ अनुसूची १ द्रष्टव्य (ख) मा लागत अनुमानमा मूल्य समायोजन बजेट प्रयोजनको लागि १० प्रतिशत लागतमा थप गर्नुपर्नेछ भन्ने व्यवस्था छ।सो अनुसार लागत अनुमान तयार भएको छ । त्यसैगरी लागत अनुमान पछि तयार हुने बोलपत्र कागजातमा कबोल अङ्कको २५ प्रतिशतको सर्त राखी बोलपत्र आह्वान गरी सम्झौता गर्दा अघिल्लो नियमको प्रावधान र बजेट व्यवस्थापनमा नभएको २५ प्रतिशत मूल्य समायोजन दिन पाउने देखिदैन । मूल्य समायोजन अधिकार नभई सहुलियत र सहयोग मात्र हो। निर्माण अवधिसम्मको दरमा मूल्य समायोजन कानुन र इमान्दारीको हिसाबले दिन मिल्दैन सो दरमा नै भएको विषय स्पष्ट हुन्छ। मूल्य समायोजनले नियमित कामलाई प्रभाव पारी काम ढिलाई हुँदा निर्माण संरचनाको प्रतिफल लागत समेत गणना नगरी एक पक्षीय सम्झौता बमोजिम खर्चको मूल्य वृद्धि गणना गर्ने र प्रतिफलको मूल्य ढिलाएको प्रभाव गणना नगरेकोले लागत अनुमान बमोजिम कबोल अङ्क रु.१५,३८,९०,२१२।- को १० प्रतिशतले पाउने रु.१,५३,९९,०२१।-मध्ये यो बिलसम्म भएको काम रु.१०,३४,०९,०४९।-को १० प्रतिशतले हुने रु.१,०३,४०,९०४।-पाउनेमा रु.१,४९,०९,७१९।-भुक्तानी भएकाले लागत अनुमानको तुलनामा बढी भुक्तानी भएकोले नियमावलीमा भएको दुविधामा एक रुपता हुने गरी नियमावली संशोधन हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३०.५ (गो. भौ. नं. र मितिः १८।०८०।२।२२) मुख्यमन्त्री शैक्षिक सुधार अन्तर्गत पालिकाले १६ विद्यालयमा कम्प्युटर, भाषा, खेलकुद र संगीत शिक्षण राखी मदरसा र सार्वजनिक विद्यालयको खातामा रु.२४,१०,२२३।-निकासा गरेको १६ विद्यालयमा प्रति विद्यालय रु.१,०८,०००।- देखि रु.२,५४,४००।- सम्म करारमा शिक्षक राख्न ती करारको शिक्षकको योग्यता, तालिम अनुभव र पढाउने

समय साथै शैक्षिक क्यालेण्डरलाई असर नपर्ने व्यवस्था गरेको १९ जना शिक्षकबारेमा विद्यालयको कामको र कार्यतालिका अभिलेख लिई अनुगमन गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २४,१०,२२३ |

३०.६ **विद्यालय भवन निर्माण-** पक्लीहवा मा.वि. वडा नं १ को भवन निर्माण गर्न मिति २०७९।८।१३ मा रु.१,१७,०४,३४६।- को सम्झौता गरी मिति २०८०।२।१५ मा सम्पन्न गर्ने लक्ष्य थियो सो बमोजिम समयमा काम नहुँदा चौथो बिलसम्म रु.८६,९१,७४७।- को काम गरी ७६ प्रतिशत वित्तीय प्रगति भएको छ । सोको नापी किताब अध्ययन गर्दा फलामे डन्डी ४२७३०.३२ के.जी. प्रयोग भएको छ। सोको कंक्रिटमा ६.०८ घनमिटर ओभरल्याप खप्टिएकोले प्रति घनमिटर रु.९८५०।- का दरले हुने रु. ५९,८८८।- र सोको मुअकर समेत रु.६७,६७५।- नपाउने र फलामे डन्डीको काममा ज्याला दक्ष ४ र अदक्ष ९ गरी १३ हुनेमा भवनको २४ जना लाग्ने फरक हुँदा सडकको रेटभन्दा ज्याला प्रति केजी रु. ९.०१ र सोको मुअकर समेत रु. १०.१८ प्रति के.जी.ले हुने रु.४२,७३०।३२ के.जी.को रु.४,३४,९९५। बढी व्ययभार परेको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,३४,९९५ |

३०.७ **नगर सरसफाई-** कार्यालयबाट प्राप्त विवरण अनुसार संस्थागत साझेदारीमा नगर सरसफाई दैनिक दुईपटक सरसफाई कर्मी १०५ जना ट्याक्टर चालक १४ जना, नाइके ५ समेत १०२४ जना नगर सरसफाईको काममा वर्षभरको रु.२,५०,२०,९३६।- र सरसफाई सामग्री ट्याक्टर र सोका लागि आवश्यक इन्धन मर्मत रु.४९,४५,१६३।- समेत रु.५२,६३,३१९।- र अन्य खाना खाजा रु.१,१७,०००।- समेत कूल वार्षिक जम्मा रु.३,०४,०१,२५५।-खर्च छ । नगरबासी १५८७१ भएबाट प्रतिघर धुरी वार्षिक १९१६ पर्न आउँदछ। पालिकाले व्यापार करको ३० प्रतिशत सेवा शुल्कबाट रु.८,४७,१२९।- असुली गरी अन्य शुल्क असुल गरेको अभिलेख राखेको छैन उक्त शुल्क खर्चको २७.८७ प्रतिशत हुन आउँछ। पालिकाको ठूलो राजस्व ७२.१३ प्रतिशत पालिकाबाट लगानी हुँदा विकास र सेवा संकुचन भएको अवस्था देखियो। निर्वाचित पदाधिकारी र उच्च स्तरको जनशक्ति हुँदा पनि खर्च व्यवस्थापन नगर्ने विकल्प र उत्तम विकल्पमा निर्णय हुन नसकेको र फोहोर गर्ने बाटै शुल्क उठाउने व्यवस्था गर्नुपर्ने देखिन्छ । सो बाहेक अन्य सरसफाई पूर्वाधारमा समेत लगानी देखिन्छ।यो सञ्चालन खर्च हो। पालिकाको रु.३,०४,०१,२५५।-खर्चबाट नगर सरसफाईबाट पुनःप्रयोग रिसाइकल र घरमा फोहोर घटाएर फोहोर वर्गीकरण र व्यवस्थापन गरी फोहोर आयमा रूपान्तरण हुनेछ पुनःप्रयोग र रिसाइकल फोहोर हुने परिमाणको अध्ययन गर्दा फलाम र प्लास्टिकजन्य र कुहिने फोहोर रिसाइकल गर्न सकिन्छ। कुहिने फोहोरबाट मल र हस्पिटलको फोहोर र फुटेको सिसा आदि उपयोग नआउँने करिब १० प्रतिशत भएको अध्ययनले देखाएको छ। त्यसैले प्राविधिकबाट फोहोरको वर्गीकरण, पुनःप्रयोग र प्रसोधन गरी प्रयोग र थोरै मात्र व्यवस्थापन गर्न र लागत घटाउने गरी सम्झौता गर्ने र पालिकाको सरसफाई लागतमा कर परिचालन छैन। अन्य पूर्वाधारमा लगाउनुपर्ने देखिएको छ। सरसफाई लागत सरसफाई स्थानबाटै असुल गर्ने र न्यायिक सरसफाई शुल्क लगाएर आयभन्दा ७२.१३ प्रतिशत खर्चले हुने दायित्वलाई सेवामा आधारित बनाएर सुधार गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## ३१ स्वास्थ्य तर्फः

३१.१ **औषधि खरिद-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा २५ लाख सम्मको औषधिजन्य माल सामान माल सामानको उत्पादकले राष्ट्रिय स्तरको समचारपत्रमा सूचना प्रकाशन गरी तोकेको विक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले यस वर्ष रु.२०,८०,७६४।- को विभिन्न ७१ प्रकारका औषधिहरु क्यूरेस फर्मासिटिकल प्रा.लि. बाट उत्पादित औषधिहरु भिमदेवी मेडिसिन सप्लायर्सबाट सोझै खरिद गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्

१. आपूर्तिहुने औषधि WHO Certified हुनुपर्नेमा नभएको, स्टोर दाखिला हुनुअघि औषधिको उत्पादन मिति, ब्याच नम्बर र म्याद समाप्त हुने मिति उल्लेख गरी समन्धित विषयविज्ञबाट प्रमाणित गराइ निरीक्षण प्रतिवेदन (Inspection Report) तयार गरी मुचुल्का उठाई राख्ने नगरेको तथा औषधि विक्रिका लागि होइन भन्ने प्रमाण समावेश गरेको छैन ।

२. औषधिको जिन्सी दाखिला गर्दा खरिद गरेको र हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाधेको छैन ।

| सैद्धान्तिक बेरुजु |
|---|

३१.२ **आमा सुरक्षा कार्यक्रम-** आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम निर्देशिका, २०७८ को बुँदा नं. १४ अनुसार उक्त कार्यक्रम सञ्चालन गर्न स्वीकृत प्राप्त सामुदायिक, निजी तथा गैर सरकारी अस्पतालले प्रत्येक २ वर्षमा आमा सुरक्षा कार्यक्रम नविकरण गर्नुपर्ने व्यवस्था अनुसार यस पालिकाको सहमतिमा २०६८ साल देखि युनिभर्सल कलेज अफ मेडिकल साइन्सेस, रुपन्देही, भैरहवाले सञ्चालन गर्दै आएको छ । र २०८०।४।१ देखि २ वर्ष सम्मको म्याद हुने गरी मिति २०८०।६।४ मा सम्झौता नविकरण भएको साथै सम्झौता तथा उक्त निर्देशिका अनुसार प्रतिकेशले (सुत्केरी) हुन आउने रकम उक्त मेडिकल साइन्सेसलाई यो वर्ष ४८२१ जना सुत्केरीको रु.३,८९,४६,३००।- भूक्तानी गरेको छ । उक्त निर्देशिका तथा सम्झौतामा विदेशी नागरिकले नेपालमा सुत्केरी सेवा लिए वापत कुनै पनि रकम सुविधा पाउने व्यवस्था देखिदैन । तर पालिकाले ३३३ जना विदेशी नागरिकलाई सुत्केरी सेवा दिएको भनि सामान्य सुत्केरी ८१ जनाको रु.२,०२,५००।-, जटिल सुत्केरी ४७ जनाको रु.१,८८,०००।-, सल्यक्रिया सेवा २०५ जनाको रु.२०,५०,०००।-, NID सेवा ३ जनाको रु.१५,०००।- र यातायता सुविधा ३३३ जनाको रु. ३,३३,०००।- गरी जम्मा रु.२७,८८,५००।- उक्त सेवा प्रदायकलाई भूक्तानी दिएकोले विदेशी नागरिकले नेपालमा सेवा लिए वापत खर्च वेहोर्ने आधार प्रमाण पेशगर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | २७,८८,५०० |
|---|---|

३१.३ **प्रकोप व्यवस्थापन कोष-** यस कोषमा गत वर्षको अल्या रु.६७,०१,०१६।- यस वर्ष प्राप्त सून्य र यस वर्षको खर्च रु.७,७८,७१३।- भइ रु.४९,२२,३०३।- बाँकी रहेको छ । संघ सशर्त अनुदान चालुबाट खर्च गर्नुपर्ने दीर्घरोगी औषधि उपचार खर्च रु.२१,३०,०००।- यस कोषबाट खर्च जनाइ रु. १८१००००।- मात्र खर्च घटाएकोले कोषबाट भएको उक्त खर्चमध्ये रु.३,२०,०००।- खर्च घटाइ हिसाब मिलान गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,२०,००० |

३१.४ **कार्य सञ्चालन कोष (विविध खर्च खाता)-** तपशिलमा उल्लेखित ३ ठेक्काहरुको बोलपत्र गर्दा १ मात्र बोलपत्र परी ल.इ. भन्दा ०.५० प्रतिशत भन्दा घटी कबोल गर्दा समेत स्वीकृत भइ जम्मा रु.१,१०,४५,३७३।- को लागत इस्टिमेटमा रु.१,०९,४०,५५७।- कबोल गरी रु.१,०७,११,६९२।- भूक्तानी भएको छ ।

| ठेक्का नं. | निर्माण व्यवसायी | काम | भ्याट समेत ल.इ. | कबोल रकम | घटी प्रतिशत | भूक्तानी रकम |
|---|---|---|---|---|---|---|
| १५/०७९/८० | अहमद नि.से. | भवन निर्माण | ५१२०६६८ | ५१०३०८१ | ०.३४ | ४९४६७८२ |
| १६/०७९/०८० | एस एस नि.से. | नाली निर्माण | २९२२४२० | २९१०६०२ | ०.४ | २८७९८८२ |
| १७/०७९/०८० | एस एस नि.से. | बाटो निर्माण | ३००२२८५ | २९२६८७४ | ०.३९ | २८८५०२८ |
| | | जम्मा | ११०४५३७३ | १०९४०५५७ | | १०७११६९२ |

माथि उल्लेख ठेक्काहरु सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ (२) अनुसार सारभुत रुपमा प्रभावग्राही भएको ठहऱ्याई स्वीकृत गरेको र काम सम्पन्न गरी भूक्तानी समेत दिएको छ । यसरी उक्त ठेक्काहरुमा स्वच्छ प्रतिस्पर्धा भएको देखिदैन भने बोलपत्र स्वीकृत गर्दा १ मात्र बोलपत्र परी ०.५० प्रतिशत भन्दा कम घटी कबोल गर्दा पनि सारभूत रुपमा प्रभावग्राही हुनुको कारण पालिकाले खुलाएको छैन । यस्तो अवस्थामा उचित कारण खुलाई बोलपत्र स्वीकृत गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३१.५ **प्रविधि हस्तान्तरण-** घरेलु तथा साना उद्यम विकास कार्यक्रम (MEDPA) सञ्चालन निर्देशिका, २०७७ को बुँदा नं.४१ मा उद्यमीलाई प्रदान गरिने प्रविधिको कूल रकममा २० प्रतिशत उद्यमीले जम्मा गर्नुपर्ने, नं. ५८ मा मन्त्रालय तथा स्थानीय तहले उपयुक्त सूचक निर्धारण गरी कार्यक्रमको प्रभावकारी अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष रु.५,४१,२००।- बराबरको सिलाइ मेशिन र जुत्ता सिउने मेशिन खरिद गरी वितरण गरेकोमा उद्यमीलाई प्रदान गरिने कूल रकममा २० प्रतिशत उद्यमीले जम्मा गरेको छैन भने पालिकाले कार्यक्रमको नियमित अनुगमन मूल्याङ्कन गरेको छैन ।अतः प्रविधिक हस्तातरणको २० प्रतिशत उद्यमीको लागत सहभागिता र नियमित अनुगमन हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३१.६ **शीर्षक फरक पारी खर्च गरेको-** आर्थिक कार्यविधि तथा वित्तीय उदरदायित्व नियमावली, २०७७ को नियम ३८ मा स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शीर्षकमा परेको र खर्च गर्न बाँकी रहेको अवस्थामा मात्र अधिकार प्राप्त अधिकारीले खर्च गर्न वा खर्चको निकासा दिनुपर्ने व्यवस्था छ । आमा तथा नवशिशु कार्यक्रम अन्तरगतको खर्च शीर्षक २२५२२ बाट युनिभरसल कलेज अफ मेडिकल साइन्सेसलाई रु.३,८९,४६,३००।- भूक्तानी दिनुपर्नेमा खर्च शीर्षक फरक पारी अनियित रुपमा पारिश्रमिक खर्च शीर्षक २११११ बाट रु.२७,६०,२७०।- भूक्तानी दिएको अनियमित रु.

| | |
|---|---|
| अनियमित भएको | २७,६०,२७० |

३१.७ **सोधभर्ना नलिएको-** शहरी सडक मर्मत सुधार कार्यक्रम अन्तरगत सडकबोर्ड नेपालको ७० प्रतिशत र पालिकाको ३० प्रतिशत लागत सहाभागितामा सञ्चालन गर्ने सम्झौता अन्तरगत ठेक्का नं. ४१,४२,४३ र ४४-०७८/०७९ का ठेक्काहरुमा कूल भूक्तानी रु.१,८०,४९,०८८।- भएकोमा सम्झौता अनुसार सडकबोर्ड नेपालले ७० प्रतिशत बराबरले हुने रु.१,२६,३४,३६२।- बेहोर्नुपर्नेमा सडकबोर्डबाट रु. १,२४,९४,९००।- मात्र प्राप्त भएकोले बाँकी रु.१,३९,४६२।- सोधभर्ना लिनुपर्ने रु.

| | |
|---|---|
| सोधभर्ना नलिएको | १,३९,४६२ |

३२ **शिक्षा तर्फः**

३२.१ **शिक्षा नीति-** राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मुल्याश्ङ्कन प्रतिवेन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन सम्वन्धि मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । यस सम्बन्धी निम्नानुसार व्यहोरा रहेका छन् ।

- सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड बनाएको छैन ।
- मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।
- अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरेको छैन ।
- प्रतिवेदन सार्वजनिक गरेको छैन ।
- तसर्थ पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३२.२ **शिक्षक दरबन्दी तथा पदपूर्ती र विद्यार्थी संख्या-** स्थानीय तह अन्तरगत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार पदपूर्ती भई नेपाल सरकारले तोकेको मापदण्ड अनुसार शिक्षक संख्या र विद्यार्थीको अनुपात मिलाई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस पालिका अन्तर्गत रहेका ३१ वटा विद्यायलहरुको शिक्षक दरबन्दी तथा पदपूर्ती र विद्यार्थी संख्याको विवरण निम्नानुसार छः

| सि. नं. | विद्यालयको नाम | दरवन्दी/राहत /समेत | जम्मा पदपूर्ती | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | बिन्दावासिनी मिसुजु आवि | ६ | ६ | ० | १०९ |
| २ | भैरहवा बाल मन्दिर आवि | १ | १ | ० | ३८ |
| ३ | शान्तिबगैंचा आवि | २ | २ | ० | २०० |
| ४ | सुर्यदेव मावि | ६ | ५ | १ | ५४० |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | भुजौली आ वि | ४ | ४ | ० | १४४ |
| ६ | मेउडिहवा आ वि | ८ | ८ | ० | २४१ |
| ७ | बहिरा बाल मावि | ९ | ९ | ८ | २१२ |
| ८ | खजाहना आवि | १० | १० | ० | २३४ |
| ९ | नवदुर्गा मावि | ९ | ८ | ० | ५९० |
| १० | सिद्धार्थ आ वि | २ | २ | ० | ६५ |
| ११ | बेलहिया मावि | १२ | १२ | १ | ४५६ |
| १२ | पक्लिहवा मावि | १६ | १६ | १ | ४३९ |
| १३ | महात्मा बुद्ध मावि | १७ | १६ | १ | ३६८ |
| १४ | सुसंस्कृत मा वि | २७ | २६ | ८ | ६८२ |
| १५ | भानु मावि | १९ | १८ | १ | ७९८ |
| १६ | रुपन्देही लिलाराम न्यौ मावि | २४ | २४ | २ | २३२८ |
| १७ | भैरहवा नमुना मावि | २४ | २३ | ३ | १५०४ |
| १८ | खुशलैन इस्लामिक गल्स स्कुल | ० | ० | ० | ९७ |
| १९ | मदरसा जामिया मोहम्मदिया स्कुल | १ | १ | १ | ९६ |
| २० | संस्कृत विद्याश्रम मावि | ० | ० | ० | ३८ |
| २१ | मदरसा अरविया अहले सुन्नत गौसिया नुरल | ० | ० | ० | ४३ |
| २२ | मदरसा गौसिया रिजाविया अहले सुन्नत | ० | ० | ० | ६८ |
| २३ | मदरसा अरबिया असरफिया फैजुल स्लाम | ० | ० | ० | १३६ |
| २४ | मदरसा कादरिया मिस्बाहुल वलुम | ० | ० | ० | १११ |
| २५ | मदरसा अलबिया नुरुल वलुम | ० | ० | ० | ७५ |
| २६ | मदरसा दारुल वलुम मोहमदिया गौसुल वलुम | ० | ० | ० | ७८ |
| २७ | मदरसा इस्लामिया कासिमुल वलुम | ० | ० | ० | २६ |
| २८ | मदरसा अरबिया इस्लामिया दारुल कुरान | ० | ० | ० | ४२ |
| २९ | मदरसा अरबिया अहले सुन्नतनुरुल वलुम | ० | ० | ० | ५४ |
| ३० | मदरसा अरबिया अहले सुन्नत निजामिया | ० | ० | ० | ४० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१ | जामिया कमरुन निशा निस्वाँ कालेज | ० | ० | ० | १२४ |
| | जम्मा | १९७ | १९१ | २७ | ९९७६ |

पालिकाबाट प्राप्त विद्यालयका शिक्षक दरबन्दी तथा पदपूर्ती र विद्यार्थी संख्याको अनुपात विश्लेषण गर्दा ३१ विद्यालय मध्ये १३ वटा विद्यालयमा शुन्य दरबन्दी रहेको तर विद्यार्थी संख्या उल्लेख भएको देखिन्छ । हालको मौजुदा दरबन्दीलाई विश्लेषण गर्दा विन्दवासिनी मिसुजु आ.वि. मा १०९ जना विद्यार्थी रहेकोमा ६ जना शिक्षक रहेका छन् । जुन शिक्षक विद्यार्थी अनुपात १:१८ रहेको छ । अर्थात १ जना शिक्षकले १८ जना विद्यार्थी व्यवस्थापन गरेको देखिन्छ भने सूर्यदेव मा.वि. मा ५४० जना विद्यार्थी रहेकोमा केवल ५ जना मात्र शिक्षक रहेका छन् । जुन शिक्षक विद्यार्थी अनुपात १:१०८ अर्थात १ जना शिक्षकले १०८ जना विद्यार्थीहरुलाई व्यवस्थापन गर्नुपर्ने अवस्था छ । १० विद्यालायहरुमा २७ शिक्षक करारमा पदपूर्ती भएपनि स्थायी दरबन्दी अनुसार स्थायी शिक्षकको पदपूर्ती हुनुपर्दछ । साथै शिक्षक विद्यार्थी अनुपात नेपाल सरकारको मापदण्ड अनुसार नदेखिएकोले विद्यालयहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) गरी शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम शिक्षक कम भएका विद्यालयमा सामाजिक न्याय, समानुपातिक वितरण, भौगोलिक विषमतालाई ध्यान दिँदै गुणस्तरीय शिक्षा प्रर्वद्धनमा जोड दिन दरबन्दी मिलान तथा पुनर्वितरण समयमै गरिनुपर्छ ।

सैद्धान्तिक बेरुजु

३२.३ **निकाशाको अभिलेख नराखेको-** शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यन्वयन पुस्तिका, २०७९।८० को खण्ड २ मा स्थानीय तहले शिक्षकहरुको तलब भत्ता सम्बन्धि यकिन विवरण शिक्षा विकास तथा समन्वय इकाइबाट प्राप्त गरी वा अद्यावधिक गरी सोही अनुसार कार्यरत शिक्षकहरुका लागि प्राप्त माग फारम रुजु गरी अनुदान उपलब्ध गराउनुपर्ने व्यवस्था छ । तलब भत्ता रु. ९ करोड ७६ लाख ५३ हजार निकासा उपलब्ध गराउँदा विद्यालय र शिक्षकको नाम नामेसी उल्लेख गरी पेरोल बनाइ चेकजाँच गरी सम्बन्धित पदाधिकारीबाट प्रमाणित गराएर मात्र निकासा दिनुपर्नेमा केवल माग फारमको आधारमा निकासाको अभिलेख समेत नराखी निकासा दिएको छ । अभिलेख प्राप्त नहुँदा शिक्षकको वास्तविक तलब तथा ग्रेड भिडान गर्न सकिएन । अतः पेरोल बनाइ प्रमाणित गरी निकासा दिइ निकासाको अभिलेख राख्नुपर्छ ।

सैद्धान्तिक बेरुजु

३२.४ **निःशुल्क पाठ्यपुस्तक-** शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यन्वयन पुस्तिका, २०७९/८० को ३.१ मा प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निशुल्क पाठ्यपुस्तक अनुदान दिने व्यवस्था छ । साथै स्थानीय तहबाट प्राप्त अनुदान रकमबाट शैक्षिकसत्रको सुरुमै पाठ्यपुस्तक खरिद गरी विद्यार्थी भर्नासँगै उपलब्ध गराउने, विद्यार्थीले पाठ्यपुस्तक बुझेको भरपाइ स्थानीय तहमा पेश गर्ने र स्थानीय तहले पाठ्यपुस्तक समयमा उपलब्ध अनुदानबाट नयाँ पाठ्यपुस्तक खरिद गरी विद्यार्थीलाई वितरण गरे नगरेको सम्बन्धमा संयन्त्र बनाइ आवश्यक अनुगमनको व्यवस्था स्थानीय तहले मिलाउने आदि व्यवस्था छ । यस पालिकाले यो वर्ष जम्मा रु.५३,४४,८५१।- पाठ्यपुस्तक अनुदान उपलब्ध गराएको भएपनि विद्यार्थीले पाठ्यपुस्त बुझेको भरपाई प्रधानाध्यापकले प्रमाणित

गरी पेश नगरेकोले पाठ्यपुस्तक खरिद गरी विद्यार्थीलाई समयमै वितरण गरे नगरेको सम्बन्धमा अनुगमन समेत नगरेकाले समयमा पाठ्यपुस्तक पाए नपाएको यकिन नभएकाले पुस्तक खरिदको विल र बुझेको भरपाइ प्रधानाध्यापकले प्रमाणित गरेको प्रमाण पेश हुनु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५३,४४,८५१ |

३२.५ **दिवा खाजा-** शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यन्वयन पुस्तिका, २०७९।८० को २.८.७. क्रियाकलाप नं. २.७.११.१ मा दिवा खाजा व्यवस्थापनको लागि स्थानीय तहले सबै प्रधानाध्यापकको बैठकबाट स्थानीय तह भित्रका विद्यालयहरुमा एकरुपता कायम हुने गरी दिवा खाजाको मेनु तयार र खाजा विधिको छनौंट गर्नुपर्ने, खाजा व्यवस्थापन गर्दा तोकिएको मापदण्ड बमोजिम हुने गरी विद्यालयकै सहयोगी कर्मचारी वा आमा समूह बनाएर वा नियमित चमेनागृहबाट वा क्याटरिङको व्यवस्था गरेर खाजा खुवाउने व्यवस्था मिलाउनु पर्ने साथै उक्त पुस्तिकाको अनुसूची-४ मा विद्यालयमा नै तोकिएको कक्षा सम्मका बालबालिकाहरुलाई दिवा खाजाको प्रबन्ध मिलाउनुपर्नेछ । सो व्यवस्था बमोजिम यस पालिकाले कक्षा १ देखि ६ सम्मका विद्यार्थीलाई प्रति विद्यार्थि दिनको रु. १५ का दरले दिवा खाजा वापत औषत ११७.५७ दिनको ५२३५ विद्यार्थीको लागि रु.९२,३८,७९६।- विद्यालयहरुलाई उपलब्ध गराएकोमा खाजा खर्चको विल पेश भएको छैन । पालिकाले अनुगमन नगरेकोले विद्यालयहरुले माथि उल्लेखित व्यवस्था बमोजिम दिवा खाजाको व्यवस्थापन गरे नगरेको यकिन गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९२,३८,७९६ |

३२.६ **ग्रेड रकम बढी निकासा-** शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आवश्यकता भन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा भएको रकम असूल गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष मिति २०७६।१०।२७ मा बढुवा नियुक्ती भएका भानु मा.वि.की नि.मा.वि. तृतिय शिक्षिका कल्पना पौडेल गैरेलाई ४ ग्रेड निकासा दिनुपर्नेमा ७ ग्रेड निकासा दिएकोले ३ ग्रेड बढीको ग्रेड दर रु.११५८ ले चाडपर्व समेत १३ महिनाको हुन आउने रु. ४५,१६२।- बढी निकासा दिएकोले असूल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४५,१६२ |

३२.७ **कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान-** शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यन्वयन पुस्तिका, २०७९।८० को २.८.९ क्रियाकलाप नं. २.७.१३.१३ मा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन दिने व्यवस्था छ । सो अनुरुप यस वर्ष पालिकाले निम्नानुसारको क्रियाकलापको लागि ५ विद्यालयलाई रु.३२,५०,०००।- अनुदान उपलब्ध गराएकोमा देखिएका व्यहोरा यस प्रकार छन्

| विद्यालयको नाम | उप क्रियाकलाप | रकम |
|---|---|---|
| भानु.मा.वि. | विज्ञान प्रयोगशाला | ६५०००० |
| नवदुर्गा मा.वि. | डिजिटल पुस्तकालय | ६५०००० |

| | | |
|---|---|---|
| रुपन्देही लिलाराम मा.वि. | विज्ञान प्रयोगशाला | ६५०००० |
| रुपन्देही लिलाराम मा.वि. | डिजिटल पुस्तकालय | ६५०००० |
| सूर्यदेव मा.वि. | डिजिटल पुस्तकालय | ६५०००० |
| जम्मा | | ३२५०००० |

विद्यालयलाई विज्ञान प्रयोगशाला र पुस्तकालय स्थापना गर्न अनुदान उपलब्ध गराएकोमा पालिकाबाट अनुदान उपयोगको बारेमा अनुगमन नहुँदा प्रयोगशाला र पुस्तकालय स्थापना भए वा नभएको र प्रभावकारी रुपमा सञ्चालनमा आए नआएको अवस्था यकिन गर्न सकिएन । यस सम्बन्धमा आवश्यक अनुगमन गरिनुपर्दछ ।विज्ञान प्रयोगशाला र पुस्तकालय स्थापनाको लागि उपलब्ध गराइएको अनुदानबाट खरिद गरिएका सामानहरु खप्ने र नखप्ने सामान छुट्टाई तोकिएको ढाचामा दाखिला गरेको प्रमाण र विल भरपाई समेत पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३२,५०,००० |

३२.८ **सेनेटरी प्याड व्यवस्थापन-** शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यन्वयन पुस्तिका, २०७९।८० को २.८.१० क्रियाकलाप नं. २.७.१३.२३ मा स्थानीय तहले विद्यालयबाट हुने सेनेटरी प्याडको वितरण र प्रयोग अवस्थाको अनुगमन गर्ने तथा विद्यालयले सो कार्यमा भएका कार्यहरुको प्रतिवेदन गरी स्थानीय तहमा पठाउने व्यवस्था छ । पालिकाले यस वर्ष सिलबन्दी दरभाउपत्रको माध्यमबाट समुद्र मेडिको फर्माबाट २२२०० प्याकेट प्रति प्याकेट भ्याट समेत रु.८१ मा रु.१७,९८,१६४।- बराबरको प्याड खरिद गरी १४ विद्यालयलाई वितरण गरेको भएतापनि पालिकाले अनुगमन गरेको छैन । विद्यालयले वितरण र प्रयोग अवस्थाको प्रतिवेदन तयार गरी स्थानीय तहमा नपठाउँदा प्याडको आवश्यकता अनुसार वितरण र प्रयोगको अवस्था यकिन हुन सकेन ।पालिकाले आवश्यक अनुगमन गरी विद्यालयलाई प्रतिवेदन पेश गर्न लगाउनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३२.९ **धरौटी-** सदरस्याहा गर्नुपर्ने- आर्थिक वर्ष ०७८/०७९ को महालेखापरीक्षकको प्रारम्भिक प्रतिवेदनले बाँकी देखाएको धरौटी रु.३५,६४,६६२।- र वैंक अनुसार बाँकी देखिएको धरौटी रु.३,४२,४०,४०२।- देखिएकोले श्रेष्ता भन्दा वैंकमा बढी देखिएको नाम नखुलेको धरौटी रु.६,७५,३४०।- कानूनी प्रकृया पूरा गरी सदरस्याहा गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,७५,३४० |

३३ **आय तर्फ -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम पालिकालाई कर उठाउने अधिकार दिएको छ। घरेलु तथा साना उद्योग कार्यालय र पालिकाको अभिलेखमा दर्ता भएका खाद्य प्रशोधन उद्योग र प्राकृतिक स्रोत माटो र भस्कट प्रयोग गर्ने इट्टा उद्योग ठूलो परिणाममा भूमिगत पानी उपयोग गर्ने होटल, विमानस्थल र कर्पोरेट फर्म, पानी प्रसोधन गर्ने उद्योग जस्ता प्राकृतिक स्रोत पालिकाले करको दायरामा ल्याएको देखिँदैन, करोडौंको कारोबार गर्ने व्यवसायी करको दायर बाहिर हुनु सचेत नागरिकलाई सुहाउँदो विषय होइन। घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भएको र यस पालिका क्षेत्रधिकारमा व्यवसाय गर्दा पनि संघ, प्रदेश र पालिका कानुन अनुसार कर नतिरेको अवस्था अनुगमन गर्नुपर्छ।

| विवरण | सख्या | न्यूनतम क्षमता वार्षिक | कर |
|---|---|---|---|
| इट्टा उद्योग | ४ | २४९२४०० | ० |
| राइसमिल | ४ | ३०३९००० | ० |
| क्रसर उद्योग | १ | ५४०००० | ० |
| जम्मा | ९ | २८५०३००० | ० |

सैद्धान्तिक बेरुजु

३४ **सामाजिक सुरक्षा तर्फः**

३४.१ **भत्ता वितरण-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रीकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ ।लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता वापत यस वर्ष कूल रु.१८,९२,३३,१३७।- वितरण गरेको छ । लेखापरीक्षण योजना अनुसार सबै भन्दा बढी भत्ता वितरण गरिएको ३ वटा वडाहरु वडा नं १, ८ र १३ को परीक्षण गरिएको छ ।

सैद्धान्तिक बेरुजु

३४.२ **निष्कृय खाता तथा लगत कट्टा-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३ (५) अनुसार सामाजिक सुरक्षा खाता सञ्चालन गर्ने वैंकले खाताहरु मध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिना भित्र दिनुपर्ने र कार्यविधिको दफा २६ (३) अनुसार लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भूक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ । वैंकले निष्कृय खाता, डमी खाता तथा लगत कट्टा गरेको विवरण उपलब्ध नगराएकाले वितरित रकम यकिन हुन सकेन ।वैंकबाट सो विवरण लिई लगत कट्टा तथा अन्य प्रकृया पूरा गरी भत्ता वितरण कार्यलाई यथार्थपरक बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३४.३ **नागरिकता नम्बर दोहोरो उल्लेख भएको-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा १२ मा विभागले स्थानीय तहका सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न, स्थानीय तह,विभाग र बैंक/वित्तीय संस्था बीच प्रणालिगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी र पारदर्शी बनाउन केन्द्रीकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ। उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुन्छ। लेखापरीक्षण योजना अनुसार सबैभन्दा बढी सामाजिक सुरक्षा भत्ता वितरण भएका वडाहरु १, ८ र १३ को परीक्षण गर्दा तपशिलको व्यक्ति/ लाभग्राहीहरूलाई नागरिकता नम्बर दोहोरो उल्लेख गरी सामाजिक सुरक्षा भत्ता वापत रु.४,९५,६८०।- भुक्तानी गरीएको छ। के कसरी नागरिकता नम्बर दोहोरो उल्लेख भएको हो यकिन गर्नुपर्दछ । साथै अन्य वडाहरुमा लाभग्राहीको विवरण समेत अद्यावधिक गरी भत्ता वितरण गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा ३४.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

# अनुसूचीहरू

**अनुसूची - १**

कार्यालय र स्थान : सिद्धार्थनगर नगरपालिका, रुपन्देही , **आर्थिक कारोबारको स्थिति** आर्थिक बर्षः २०७९/८०

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | नवराज पौड्याल | २०७९-४-२३ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | तुलसीराम मरासिनी | २०७८-४-१ | २०७९-४-२२ |

**बेरुजु वर्गीकरणः**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ८,७८०,०९६ | ४६,४८४,४२७ | ४२,२०३,५९९ | ० | १३९,४६२ | ११,३८९,४४९ |
| प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु. | | | | | १०८,९९७,०३३ |
| प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौंट गरी संपरीक्षण भएको रकम रु. | | | | | ० |
| संपरीक्षणबाट थप भएको बेरुजू रु. | | | | | ० |
| लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु. | | | | | १०८,९९७,०३३ |

**स्थानीय तह :**

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २८३९५१५७१ | |
| **आम्दानी** | | **खर्च** | |
| संघीय सरकारबाट अनुदान | ५६३१२९६०३ | चालु खर्च | ५५६९६९७८० |
| प्रदेश सरकारबाट अनुदान | ४७५३२५४० | पूँजीगत खर्च | ४३१७५०८६९ |
| राजश्व बाँडफाँट | १३६०७६४४९ | वित्तीय/अन्य व्यवस्था | २८७६७९७१५ |
| आन्तरिक आय | १६१४५७९२५ | | |
| अन्य आय | २४६४७५४५६ | | |
| कुल आय | ११५४६७१९७३ | कुल खर्च | १२७६४००३६४ |

| | |
|---|---|
| **बाँकी मौज्दात** | १६२२२३१८० |

अनुसूची -३

## बेरूजु दफा ३४.३ सँग सम्बन्धित विवरण

| भत्ताको किसिम | वार्ड नं. | परिचय पत्र नं. | नामथर | लिङ्ग | जन्म मिति | ना. प्र. नं. | खाता न. | रकम |
|---|---|---|---|---|---|---|---|---|
| जेष्ठ नागरिक - अन्य | १ | २००६०१२१००९४२ | Hafijul Nisha Fakir | महिला | २१-०१-२००६ | १३६० | ०४१४६०४००२५८४०१२ | ४८००० |
| जेष्ठ नागरिक - दलित | १ | २०१६१२०१०१४३५ | Haridwar Raidash | पुरुष | २७-१०-२०१६ | १३६० | ०४१४६०१७३५०४४०१५ | ३१९२० |
| जेष्ठ नागरिक - अन्य | १ | २००८१२३११५६८६ | Jaggu Chamar | पुरुष | ३०-१२-२००८ | २१९८८ | ०४१४६०४००२५९५०१४ | ४८००० |
| विधवा | १ | २०२४०१०१०४२२३ | Mina Devi Gurung | महिला | ०१-०१-२०२४ | २१९८८ | ०४१४६०४००२६३६०१२ | ३१९२० |
| जेष्ठ नागरिक - अन्य | ८ | २००९०४०५०७८१५ | Dhan Maya Cheetri | महिला | ०५-०४-२००९ | ११३४ | ०१७७८००२०१४ | ३२००० |
| जेष्ठ नागरिक - अन्य | ८ | २००३०३०७०३१०४ | Dil Bahadur Pun | पुरुष | ०७-०३-२००४ | ११३४ | ०१७२००८१२५८ | ४८००० |
| जेष्ठ नागरिक - अन्य | ८ | १९९८१२३२४३१३५ | Hari Prasad Ligal | पुरुष | ३०-१२-१९९८ | १५१७ | ०१७२००८३९१७ | ४८००० |
| जेष्ठ नागरिक - अन्य | ८ | १९९४०२०२०१६९८ | Kesh Bahadur Bhandari | पुरुष | ०२-०२-१९९४ | १५१७ | ०१७२००८९४१४ | ४८००० |
| जेष्ठ नागरिक - अन्य | १३ | २००६१२३३४२१५१ | Padam Bahadur Magar | पुरुष | ०५-११-२००६ | १३९४ | ३०८०१००००४१८८११९ | ४८००० |
| विधवा | १३ | २०२७०४१००१३८३ | Mina Baral | महिला | १०-०४-२०२७ | १३९४ | ३०८०१००००३८१५११९ | ३१९२० |
| जेष्ठ नागरिक - अन्य | १३ | २००४१२३३००१२१ | Som Bahadur Pariyar | पुरुष | ३०-१२-२००४ | ३५ | ३०८०१००००२२७२११९ | ४८००० |
| विधवा | १३ | २०२२०१२९००५७९ | Hemata Karn | महिला | २९-०१-२०२२ | ३५ | ३०८०१००००४२२७११९ | ३१९२० |
| | | | | | | | जम्मा | ४९५६८० |